शेयर बजार र घरजग्गा कारोबार... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com





वर्ष २७ • अंक १६८ • २०८२ साल मंसिर १ गते सोमबार (17 November, Monday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-


## वडाध्यक्ष यादवलाई हत्या गर्ने पक्राउ

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला बिहारी नगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष विन्देश्वर यादवलाई गोली हानी हत्या गरेको आरोपमा चारजनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा प्रहरीसमेत रहेका धनुषाको मिथिला बिहारी नगरपालिका वडा नम्बर ९ का ३५ वर्षीय शम्भु कुमार यादव, स्थानीय ३० वर्षीय धर्मनाथ यादव, स्थानीय २८ वर्षीय पप्पु यादव, स्थानीय २८ वर्षीय मनोजकुमार यादव रहेको धनुषा प्रहरीका प्रवक्तासमेत रहेका प्रहरी नायब उपरीक्षक गणेशबहादुर बमले जानकारी दिए ।

मिथिला बिहारीस्थित अन्दुपट्टीका दुखी यादवको मृत्यु संस्कारको १० दिनको भोज ढिलो समयमा शुरु भएको विषयलाई लिएर दुई पक्षबीच विवादले उग्ररुप लिएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीमा कार्यरत प्रहरी सहायक हवल्दार शम्भु कुमार यादव समेतले कटुवा पेस्तोलले वडाध्यक्ष विन्देश्वर यादवको छातीमा गोली प्रहार गरी हत्या गरेको प्रहरी नायब उपरीक्षक बमले बताए ।

### मधेश प्रदेश सरकार गठनको सुनवाइ आज

# महान्यायाधिवक्ताले प्रदेश प्रमुखको प्रतिरक्षा गर्न आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । मधेश प्रदेश सरकार गठनको विषयमा सोमबार सर्वोच्च अदालतले सुनुवाइ गर्ने भएको छ ।

आइतबार पेशी तोकिएकोमा प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीको तर्फबाट महान्यायाधिवक्ताको कार्यालयबाट बहस नभएपछि पेशी सारिएको छ । सर्वोच्च अदालतले मधेश प्रदेश प्रमुखको तर्फबाट महान्यायाधिवक्ता कार्यालयबाट बहस हुनुपर्नेमा त्यस सम्बन्धी सूचना नपुगेको भन्दै सूचना दिन र सोमबार सुनुवाइको मिति तोक्न आदेश दिएको हो ।

न्यायाधीशहरू तिलप्रसाद श्रेष्ठ र नृपध्वज निरौलाको इजलासले मधेश प्रदेश प्रमुखको हकमा महान्यायाधिवक्ता कार्यालयबाट लिखित जवाफ पेश गर्नुका साथै सुनुवाइमा पनि उनीहरूको प्रतिनिधित्व हुनुपर्नेमा त्यो नभइ फरक परेको भन्दै महान्यायाधिवक्ता कार्यालयको प्रतिनिधित्वको आदेश दिएको हो ।

सर्वोच्च अदालतले मधेश प्रदेश सरकार गठन विवादमा महान्यायाधिवक्ता कार्यालयको साटो अरुले प्रतिरक्षा गर्न खोजेको भन्दै प्रश्न उठाएको छ । दुवै पक्षको छलफलका लागि आइतबार भएको सुनुवाइमा सर्वोच्चले महान्यायाधिवक्ता कार्यालयले प्रदेश प्रमुखको प्रतिरक्षा गर्नुपर्नेमा त्यो प्रतिनिधित्व नभएको भन्दै महान्यायाधिवक्ता कार्यालयबाट प्रतिनिधित्व हुनुपर्ने आदेश गरेको छ ।

सर्वोच्च अदालतले मुद्दामा विपक्षी बनाइएका प्रदेश प्रमुखको हकमा मुद्दाको बहस पैरवी गर्न महान्यायाधिवक्ता कार्यालयको प्रतिनिधि पठाउनु भनी आदेश दिएको हो । अदालतले अरुका हकमा मधेश प्रदेशको मुख्यन्यायाधिवक्ता कार्यालयलाई जानकारी दिनु भनिएको छ ।





प्रदेश सरकारको सबै कामकारवाहीको मुख्यन्यायाधिवक्ता कार्यालयले कानुनी प्रतिरक्षा गर्छ । तर राष्ट्रपतिको प्रतिनिधि मानिने प्रदेश प्रमुखको हकमा भने महान्यायाधिवक्ता कार्यालयले नै कानुनी प्रतिरक्षा गर्छ ।

'यस अदालतको मिति २०८२ कार्तिक २६ को आदेशमा मधेश प्रदेश प्रमुखको तर्फबाट लिखित जवाफ पेश र प्रतिनिधित्व महान्यायाधिवक्ता कार्यालयमार्फत हुनुपर्नेमा सो सम्बन्धी प्रतिनिधित्वको सम्बन्धमा फरक बेहोरा उल्लेख हुन गएकोले विपक्षी नं.१ र २ को हकमा लिखित जवाफ पेश गर्न र प्रतिरक्षा महान्यायाधिवक्ताको कार्यालय मार्फत हुनुपर्ने देखिन्छ,' आदेशमा भनिएको छ ।

'तोकिएको अन्तरिम आदेश छलफल समेतमा प्रदेश प्रमुखको हकमा उपस्थित हुन अन्य विपक्षीहरूको हकमा सम्बन्धित महान्यायाधिवक्ताको कार्यालयलाई र मुख्य न्यायाधिवक्ताको कार्यालयलाई जानकारी दिइ अन्तरिम आदेश छलफलको लागि मिति २०८२ मंसिर १ को पेशी तोकी नियमानुसार पेश गर्नू,' आदेशमा भनिएको छ ।

मधेश प्रदेशका तत्कालीन मुख्यमन्त्री सतीश कुमार सिंहले नियुक्त गरेका मुख्यन्यायाधिवक्ता सुरेन्द्र महतो अझै कार्यरत नै रहेका छन् । उनले राजीनामा नगरेको बताइएको छ । मुख्यमन्त्री हटेसँगै मुख्यन्यायाधिवक्ताले पनि राजीनामा गर्ने चलन रहि आएको छ ।

मधेश प्रदेशकी निवर्तमान प्रमुख सुमित्रा सुवेदी भण्डारीले प्रदेश सभामा सबैभन्दा ठूलो दल नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवलाई मुख्यमन्त्रीमा गरेको नियुक्ति विवादमा परेको छ ।

प्रदेश प्रमुख भण्डारीले महोत्तरी जिल्लाको बर्दिवासस्थित एउटा बार रेष्टुरेन्टमा एमाले दलका नेता यादवलाई मुख्यमन्त्री नियुक्त गरी शपथ ग्रहण गराएर प्रदेश छाडेकी थिइन् । तर उनी काठमाण्डुमा पाइला टेकेको केही घण्टा भित्र नै सरकारले बर्खास्त गरेको थियो ।

नेपाली कांग्रेस, जनता समाजवादी पार्टी(जसपा) नेपाल, जनमत पार्टी, नेकपा माओवादी, नेकपा एस, लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा) नेपाल र नागरिक उन्मुक्ति पार्टीका सांसदहरूले सरकार गठनविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका छन् । मुख्यमन्त्री यादवको विपक्षमा ७४ जना सांसद सर्वोच्चमा पुगेका छन् ।

सर्वोच्च अदालतले मुख्यमन्त्री सरोजकुमार यादवलाई मधेश प्रदेशमा दीर्घकालीन असर र प्रभाव पर्ने निर्णय नगर्न अल्पकालीन अन्तरिम आदेश यस अघि नै जारी गरिसकेको छ ।

संयुक्त इजलासले अन्तरिम आदेशसम्बन्धी छलफलका लागि मंसिर १ गतेका लागि पेशी तोकिएको छ ।

मधेश प्रदेशमा संविधानको धारा १६८( ३) बमोजिमको सरकार अवैधानिक रहेको भन्दै सर्वोच्च पुगेका सांसदहरुले पार्टीका नेता कार्यकर्ताहरु सहित मधेश भवन अगाडि धर्ना दिइरहेका छन् । सरकारको विरोधमा दिनहुँ विरोध प्रदर्शन र धर्ना जारी रहेको छ ।

प्रदेश प्रमुख भण्डारी बर्खास्त भएको अर्को दिन डा. सुरेन्द्र लाभले प्रदेश प्रमुखको शपथग्रहण गरी कार्यभार लिइसकेका छन् । उनले शनिबार बोलाएको सर्वदलीय बैठकमा मुख्यमन्त्री यादवको सहभागिता हुने भएपछि संघर्षमा रहेका सात दलीय गठबन्धनले बैठक बहिष्कार गरेको थियो ।

मधेश प्रदेशको सरकार र प्रदेश सभाका सभामुख विवादित बनेका छन् । मुख्यमन्त्री यादव र सभामुख रामचन्द्र मण्डल विरुद्ध महाअभियोगको प्रस्ताव प्रदेश सभामा दर्ता गरिएको छ ।

## पुनर्वहालीको माग गर्दै पदमुक्त सांसद पुगे अदालत

**टुडे समाचारदाता**

जनकपुरधाम । लगातार १० बैठकमा अनुपस्थित रहेको भन्दै मधेश प्रदेशसभा सचिवालयले पदमुक्त गरेका सांसदहरु सो निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।





उनीहरुले पदमुक्त गरेको निर्णय खारेज गरी पुनर्वहाली गर्नका लागि सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।

सभामुख रामचन्द्र मण्डल र मुख्यसचिव बासुप्रसाद कोइरालाविरुद्ध आइतबार रिट दायर गरिएको पदमुक्तमा भएका सांसद सिंहासन सा कलवारले जानकारी दिए ।

पदमुक्त गरिएका सांसद उर्मिला देवी सिंह, मनिषकुमार सुमन, सञ्जयकुमार यादव, सिंहासन सा कलवार र शारदाशंकर प्रसाद कलवारलाई प्रदेश सभा सचिवालयले लगातार १० बैठकमा अनुपस्थित भएको भन्दै पदमुक्त गरेका थिए ।

राजनीतिक पूर्वाग्रहका आधारमा सभामुख मण्डलले मुख्यसचिवलाई दबाब दिएर आफूहरुको पद खारेज गरिएकाले पुनर्वहालीको माग रिटमा गरिएको उनले बताए । आफूहरूविरुद्ध गरिएको कदम विधिसम्मत नभएको भन्दै सर्वोच्चबाट न्यायिक प्रतिवादको अपेक्षा आफूहरुले राखेको बताए ।

कार्तिक २७ गते सात दलीय गठबन्धनले सभामुख मण्डलविरुद्ध महाभियोग प्रस्ताव दर्ता गर्ने तयारीसँगै उत्पन्न विवादपछि सचिवालयले लगातार १० बैठकमा अनुपस्थित रहेको भन्दै पाँचै सांसदलाई पदमुक्त गरिएको सूचना जारी गरेको थियो ।

यता पदमुक्त गरिएका सांसद मध्येका संजय यादवले आफू असोज २८ गते तत्कालीन मुख्यमन्त्री सतीशकुमार सिंहको विश्वासको मत लिने बसेको बैठक र पछिल्लो पटक निवर्तमान मुख्यमन्त्री मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत लिने दिन कार्तिक २२ गते प्रदेश सभामा उपस्थित भएको दृश्यसहित कागजी रजिष्टर अभिलेख समेत रहेको अवस्थामा आफूहरु कसरी अनुपस्थित भए भनदै प्रश्न गरेका छन् ।

उनले सभामुख मण्डलले आफूमाथि दर्ता गराइएको महाभियोग प्रस्तावको आवेशमा कुण्ठित मनसायले सचिव मार्फत पदमुक्त गराउन लागेको आरोप लगाउँदै संघीयता र संविधानलाई समाप्त पार्न खोजिएको बताए ।

हुन त सचिवालयको सूचना प्रकाशन लगत्तै उपसभामुख बबिताकुमारी राउत इसरले त्यसको प्रतिवाद गर्दै कारबाही बदर भएको अर्को सूचना निकालेकी थिइन् । त्यसको अर्को दिन सचिवालयले सो सूचना राजपत्रमा प्रकाशित समेत गरेका थिए ।








# विशहाराको सौन्दर्यकरणमा जुटे स्थानीय

टुडे समाचारदाता

जनकपुरधाम। जनकपुरधामस्थित विशहारा पोखरीको सौन्दर्यकरणमा स्थानीयवासी जुटेका छन्।



जनकपुरधाम वडा नम्बर ४ स्थित विशहारा पोखरीको सरसफाइ तथा संरक्षणको अभावमा फोहोर रहेको सो पोखरीलाई आइतबार स्थानीयवासीले सौन्दर्यकरणका लागि सरसफाइ तथा घेरबार गरेका छन्।

२०६३ सालमा स्थापना भएको विशहारा संरक्षण समिति नामको संस्थाको अगुवाइमा स्थानीय टोलवासीले सो पोखरीको सरसफाइ गरी पर्यटकीय क्षेत्र निमार्णका लागि जुटेको समितिका अध्यक्ष विजय झाले जानकारी दिए। उनले धार्मिक दृष्टिकोणले पवित्र र ऐतिहासिक पोखरी रहेको विशहारा पोखरी सरसफाई र संरक्षणको अभावमा दिनानु दिन मासिँदै गएपछि त्यहाँ पोखरीको सरसफाइ र संरक्षण गरी पार्क निमार्ण गर्ने योजना स्थानीयवासी बनाएको बताए।

समितिका सदस्य भोगेन्द्र कर्णले जनाए अनुसार पोखरीको सरसफाइका लागि स्थानीयवासीले प्रत्येक दिन श्रमदान गरी बिहानको दुई घण्टाको समय पोखरीको सरसफाइमा दिने गरेका छन्। सुन्दर, सफा विशहरा टोल हामीहरूको एउटै गोलका साथ स्थानीयवासीले सञ्चालन गरेको सरसफाइ कार्यक्रमले टोलका साथ साथै पोखरीको सफाइको काम अघि बढाइएको उनले बताए।

# देवाही गोनाहीको नगरसभा सम्पन्न

टुडे समाचारदाता

रौतहट । रौतहटको देवाही गोनाही नगरपालिकाका ११ औं नगरसभा तथा १०औं बजेट अधिवेशन सम्पन्न भएको छ। नगरसभाको अधिवेशन मेयर प्रेमलाल साहको अध्यक्षतामा नगरपालिकाको सभाहलमा सम्पन्न भएको छ।




अधिवेशनमा चालू आर्थिक वर्ष २०८२/८३ का लागि कुल ५३ करोड १६ लाख ३२ हजार रुपैयाँ बराबरको अनुमानित बजेट प्रस्तुत गरिएको छ।

उक्त बजेट वडा नम्बर ४ का वडाध्यक्ष डा. रामप्रवेश प्रसाद पटेलले नगरसभामा प्रस्तुत गरेका थिए। बजेट प्रस्तुतिसँगै नगरप्रमुख, जनप्रतिनिधि, सरोकारवाला संस्थाका प्रतिनिधि तथा स्थानीयवासीहरूको सक्रिय उपस्थिति रहँदा सभाहल उत्साहमय बनेको थियो।

नगरसभाले आगामी वर्षका विकास-निर्माण, पूर्वाधार सुदृढीकरण, शिक्षा-स्वास्थ्य, कृषि तथा सामाजिक क्षेत्रका विभिन्न योजनाहरूलाई प्राथमिकता दिँदै परिणाममुखी कार्यक्रम अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

स्थानीय विकासको दिशा र आगामी कार्ययोजनालाई मार्गदर्शन गर्ने महत्वपूर्ण अधिवेशन सफलतापूर्वक सम्पन्न भएपछि नगर क्षेत्रमा सकारात्मक वातावरण सिर्जना भएको नगरवासीले बताएका छन्।

सो कार्यक्रममा मधेश प्रदेशका सांसद जयचन्द्र पटेल रहेका थिए।

# दुर्घटनाका घाइतेलाई हेलिकप्टर मार्फत काठमाण्डु पठाइयो

टुडे समाचारदाता

मलंगवा। सवारी दुर्घटनाका घाइतेहरुलाई हेलिकप्टरमार्फत काठमाण्डु पठाइएको छ।

सर्लाहीमा फरक फरक स्थानमा आइतबार भएको सवारी दुर्घटनाका घाइतेलाई थप उपचारका लागि हेलिकप्टरमार्फत काठमाण्डु पठाइएको जनाइएको छ।



ब्रह्मपुरी गाउँपालिका र चन्द्रनगर गाउँपालिकामा भएका बेग्लाबेग्लै सवारी दुर्घटनाका घाइतेलाई बयलवासमा सामान्य उपचारपछि थप उपचारका लागि हेलिकप्टर मगाएर काठमाण्डु लग्नु परेको सर्लाही प्रहरीले जनाएको छ।

सर्लाही प्रहरीले जनाए अनुसार ब्रह्मपुरी गाउँपालिका-२ स्थित धर्मपुर टोलमा ना ४१ प ३३०९ नम्वरको मोटरसाइकल आफै अनियन्त्रित भएर दुर्घटना हुँदा ईश्वरपुर नगरपालिका-७ स्थित बयलवासका २० वर्षीय उमर मिकरानी घाइते भएका छन्।

मिकरानी आफ्नै दाई २५ वर्षीय होजइफा मिकरानीले चलाएको मोटरसाइकलको पछाडि बस्दा दुर्घटना भइ टाउको र शरीरका विभिन्न भागमा चोट लागेर घाइते भएको सर्लाही प्रहरीले जनाएको छ।

त्यस्तै चन्द्रनगर गाउँपालिका-२ स्थित बिर्ता बजारमा प्रदेश २-०२-००१ त २२४१ नम्वरको ट्याक्टर र प्रदेश २-०३-०१३ प १९९७ नम्वरको मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालक चन्द्रनगर गाउँपालिका-३ स्थित बडकुर्वाका २८ वर्षीय अक्षयकुमार सिंह कुशवाहा घाइते भएका छन्।

कुशवाहको बायाँ तीघ्रामा चोट लागेको सर्लाही प्रहरीले जनाएको छ।

ब्रह्मपुरी दुर्घटनाका घाइते मिकरानीलाई अमृत हेल्थ केयर बयलवास र चन्द्रनगर दुर्घटनाका घाइते कुशवाहालाई गोदावरी हेल्थ केयर बयलवासमा सामान्य उपचारपश्चात परिवारले बेग्लाबेग्लै हेलिकप्टर मगाएर थप उपचारका लागि काठमाण्डुतर्फ पठाइएको इलाका प्रहरी कार्यालय केशरगञ्ज, बयलवासका प्रहरी निरीक्षक नितेशकुमार सिंहले जानकारी दिए।

इन्स्पेक्टर सिंहका अनुसार चन्द्रनगरको दुर्घटनामा संलग्न ट्रैक्टर पक्राउ गरिएको छ भने चालक फरार रहेका छन्।

# लागूऔषध नियन्त्रणका लागि सीडीओलाई ज्ञापनपत्र



टुडे समाचारदाता

रौतहट । जेन जी उमेर समूहका युवाहरूले जिल्लामा तीव्र रूपमा फैलिँदै गएको लागू औषध दुर्व्यसनको जोखिमबारे गम्भीर चिन्ता व्यक्त गर्दै आइतबार प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाललाई ज्ञापनपत्र बुझाएका छन्।

गाउँ-टोलदेखि शहरी बजारसम्म युवा माँझ नशाको पहुँच बढ्दै गएपछि जेनजी नेपालका युवाहरूले सामूहिक रूपमा समस्या समाधानका प्रभावकारी उपायसहित मागहरू अघि सारेका छन्। उनीहरूले विद्यालय र कलेजमा व्यापक सचेतना कार्यक्रम, स्थानीय प्रशासन-प्रहरी-सशस्त्रबीच समन्वय सुदृढीकरण, लागू औषध कारोबारमा संलग्न व्यक्तिमाथि कडा निगरानी तथा कारबाही, साथै नशाग्रस्त युवाको उपचार र पुनर्स्थापनाका लागि मनोसामाजिक परामर्श केन्द्र खोलिनुपर्ने माग राखे।

सामाजिक चेतना अभिवृद्धिका लागि सञ्चालन गरिएको अभियानमा शैलेन्द्र यादव, अरुण पटेल, सुबोध पासवान, पूजा कुमारी, भुनेश्वर यादव, मुनावर आलमलगायत दर्जनौं युवाहरूको सक्रिय उपस्थिति रहेको थियो। युवाहरूको संगठित आवाजले अभियानलाई थप प्रभावकारी बनाएको आयोजकहरूले बताए।

ज्ञापनपत्र बुझ्दै सीडीओ दिनेश सागर भुसालले युवाहरूको पहललाई "सामाजिक उत्तरदायित्वको उत्कृष्ट उदाहरण" भन्दै प्रशंसा व्यक्त गरे। उनले नशा नियन्त्रण तथा रोकथामका लागि प्रशासनका तर्फबाट आवश्यक कदम चालिने प्रतिवद्धता व्यक्त गरे।

# जंगलसहिया पशुपतिमा बाला चतुर्दशी मेला शुरु

टुडे समाचारदाता

रौतहट । रौतहटको गुजरा नगरपालिका-३ स्थित जंगलसहियामा अवस्थित पशुपति मन्दिर परिसरमा चार दिवसीय बाला चतुर्दशीको धार्मिक र सांस्कृतिक रौनकता छाएको छ। हरेक बर्षझैं यस वर्ष पनि मेला समितिको पहलमा शनिबार साँझदेखि सुरु भएको मेलाले यस क्षेत्रलाई चहलपहल बढेको छ।

यसैवर्ष दिवंगत भएका आफन्त वा सन्तानले पशुपति मन्दिरमा लाखबत्ती बालेर दिवंगत पितृ र आफन्तको आत्माको शान्तिका लागि प्रार्थना गर्ने विश्वास रहि आएको छ।



यस पशुपति मन्दिरमा यसपटक लाखबत्ती बाल्ने रौतहट, बारा, सर्लाही, पर्सा, सिन्धुलीदेखि झन् टाढाटाढाबाट भक्तजनहरूको ठूलो भीड देखिन थालेको छ। मन्दिर परिसरमा शतबिज छर्न र लाख बत्ती बाल्ने परम्परा बाला चतुर्दशीको मुख्य आकर्षणका रूपमा रहँदै आएको छ।

मेला समितिका अध्यक्ष विजय शाहीका अनुसार मेला क्षेत्रको सफाइ, स्टेज निर्माण र तयारी पूरा भइसकेपछि आइतबार साँझदेखि सांस्कृतिक कार्यक्रम शुरु गरिने छ। भक्तजन र आगन्तुकलाई सहज होस् भनी खानेपानी, शौचालय, विद्युत् र सुरक्षाको विशेष व्यवस्था मिलाइएको उनले बताए।

कोरोना महामारीका कारण दुई वर्ष रोकिएको यस परम्परागत मेलाले अवस्था सहज बनेसँगै पछिल्ला दुई वर्षदेखि पुनः भव्य रूपमा निरन्तरता पाइरहेको छ।

# सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन सहकार्य बढाइने




काठमाण्डु । सशस्त्र प्रहरी बल, नेपाल र भारतको सशस्त्र सीमा बल (एसएसबी) बीच संयुक्त सीमा गस्ती र सीमा सुरक्षालाई थप प्रभावकारी बनाउन आवश्यक समन्वय र सहकार्य बढाउने समझदारी भएको छ।

सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल नेतृत्वको नेपाली प्रतिनिधिमण्डल र भारतको सशस्त्र सीमा बल (एसएसबी) का महानिर्देशक संजय सिङ्घल नेतृत्वको भारतीय प्रतिनिधिमण्डलबीचको द्विपक्षीय नवौं समन्वयात्मक बैठकमा सीमा अपराध नियन्त्रण, लागूऔषध ओसारपसार नियन्त्रणलगायत बारेमा छलफल भएको थियो। यस्तै सीमा क्षेत्रमा हुने अवैध चोरीनिकासी तथा पैठारी नियन्त्रण, अवैध आवतजावत नियन्त्रण, सूचना तथा तालिम आदानप्रदान गर्नेबारेमा विचारविमर्श भएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता सशस्त्र प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिनुभयो।

यही कात्तिक २६ देखि २८ गतेसम्म भारतको नयाँ दिल्लीमा सञ्चालित सो बैठकमा गत मङ्सिरमा काठमाडौंमा सम्पन्न आठौं समन्वयात्मक बैठकबाट पारित एजेण्डा कार्यान्वयको विषयमा समीक्षा भएको थियो। बैठकबाट पारित साझा धारणालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र आगामी रणनीतिका विषयमा समेत छलफल भएको थियो।रासस

# जेनजी आन्दोलनका सहित परिवारको आक्रोश :सञ्चो विसञ्चो सोध्न पनि कोही आएनन्

काठमाण्डु। गत भदौ २३ गते साँझ बझाङ खप्तडछान्ना गाउँपालिका-७ गोरखालीकी कैलीदेवी बोहरा भारतको बैङ्गलोरस्थित साहुको घरको काममा व्यस्त हुनुहुन्थ्यो। साँझपख बझाङका आफन्तले खबर पुऱ्याए, "तिम्रो छोरा अब यस संसारमा रहेन।" सन्तानलाई राम्रो शिक्षादिक्षा दिन सकूँ भनी बैङ्गलोरमा मजदुरी गर्दै आउनुभएकी उहाँलाई संसार सकिएजस्तो भयो। मुटु फुट्ला जस्तो भयो, श्वास कसैले चुँडेर लगेजस्तै भयो।

बोहराका जेठो छोरा सुभासको सोही दिन दिउँसो जेनजी आन्दोलनका क्रममा काठमाडौँमा गोली प्रहारबाट मृत्यु भएको थियो। जीवनको भरोसाका रुपमा रहेको छोरालाई गुमाउनुपर्दाको पीडा कैलीदेवीको मनले थाम्नसक्ने अवस्था रहेन।"अघिल्लो दिन भदौ २२ गते साँझ छोरासित दसैंमा घर जाने विषयमा भलाकुसारी भएको थियो, २३ गते काम सकेर कुराकानी गर्ने सुरसार गर्दै थिएँ, छोराको मृत्युको खबर आयो", कैलीदेवीले सुनाउनुभयो।

कैलीदेवी करिब १० महिनाअघि मजदुरी गर्नका लागि बैङ्गलोर पुग्नुभएको थियो। छोराको मृत्युपछि बैङ्गलोरमा रहेका आफन्तले पैसा जुटाएर विमानमार्फत काठमाडौँ पठाएको उहाँले बताउनुभयो। अहिले उहाँ कान्छो छोरा सन्दीपसँग काठमाडौँ सिनामङ्गलमा रहेको डेरामा दिन कटाइरहनुभएको छ। "छोरा गुमाएपछि के गर्ने भन्ने सोच्नै सकेकी छैन, बाँकी दिन कसरी कटाउने हो टुङ्गो छैन", उहाँले सुनाउनुभयो, "सुभास विदेश गएर परिवार पाल्छु भन्थ्यो, आफैँ अस्तायो।"



सुभासले सहादत प्राप्त गरेपछि कैलीदेवीले धनगढीमा कक्षा-९ मा पढिरहेको छोरा सन्दीपलाई लिएर काठमाडौँ जानुभएको थियो। अहिले सन्दीपलाई एक जना म्याडमले तीनकुनेमा रहेको एउटा स्कुलमा तीन वर्षसम्म पढाइदिन्छु भन्नुभएको छ। "छोरा पढाउने जिम्मा एक जना म्याडमले लिनुभएको छ, बाँकी अहिलेसम्म सञ्चो विसञ्चोसम्म सोध्न कोही आएको छैन", उहाँले भन्नुभयो, "हामी आमाछोरा टुहुरा जस्तै भएर बसेका छौँ।"

काठमाडौँमा बस्न सुरु गरेपछि पैसाको अभाव बढ्दै गएको छ। डेरा भाडा मासिक रु छ हजार छ, त्यसको जोहो कसरी हुन्छ भन्ने पनि थाहा छैन। कैलीदेवीको जीवनमा आइपरेको दुःख यो नयाँ होइन, गत वर्ष श्रीमान् बेपत्ता भएपछि नै सुरु भएको हो। उहाँका श्रीमान् दीपक बोहरा भारतको बैङ्गलोरमा मजदुरी गर्नुहुन्थ्यो। एक वर्षअघि घर आएका दीपक बझाङबाट धनगढी झरेका थिए। त्यसपछि परिवारसँग सम्पर्क छैन। श्रीमान् हराएपछि उहाँ आफैँ मजदुरी गर्न बैङ्गलोर पुग्नुभएको थियो।

"दश महिना बैङ्गलोरकमा घरघरमा पुगेर भाडामाझे, महिनामा २० हजार रुपैयाँ जति कमाइ हुन्थ्यो, दसैंमा घर जान कान्छो छोरालाई रु १० हजार पठाएकी थिएँ, सुभासले केही दिनपछि पठाए पनि हुन्छ भनेको थियो", उहाँले भन्नुभयो। पहिले श्रीमान् र अहिले छोराले छाडेर गएपछि कैलीदेवीको परिवारमा आमा छोरामात्रै हुनुहुन्छ। आम्दानी नभएपछि परिवारमा आर्थिक सङ्कट चुलिन थालेको छ। अहिले उहाँ काठमाडौँमा छोरासँगै बस्नका लागि आयस्रोतको बाटो खोज्दै हुनुहुन्छ।

### भीमराज सहिद बन्दा व्यवसाय चौपट

जेनजी आन्दोलनका क्रममा गत भदौ २४ गते काठमाडौँको कालीमाटीमा गोली लागेर बझाङ दुर्गाथली गाउँपालिका-१ का २८ वर्षीय भीमराज धामीले सहादत प्राप्त गर्नुभयो।छ वर्षदेखि कीर्तिपुरमा गाईफार्म र डेरी सञ्चालन गर्दै आउनुभएका धामी आठ दाजुभाइमध्येका कान्छा हुन्। सहिद धामीका दाजु दुर्गाथली गाउँपालिका-१ का वडाध्यक्ष अम्मरराज धामीले भाइको निधनपछि परिवारमा पहिरो गएको बताउनुहुन्छ। रासस

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | महत्वाकांक्षी योजनामा हुनुहुन्छ भने केही समय पर्खनुहोला। |
| वृष : | अप्ठयारा परिस्थितिसंग पनि जुझारु भई काम गरिनेछ। |
| मिथुन : | अरुलाई प्रभावित पारेर काम बनाउन सकिने समय छ। |
| कर्कट : | प्रयत्न गरेको काम छोटै समयमा पूरा हुन सक्छ। |
| सिंह : | समयमा होस नपुग्नाले काम रोकिन सक्छ। |
| कन्या : | लामो समयदेखि रोकिएको काम बन्नुका साथै आम्दानीको स्रोत समेत बढ्नेछ। |
| तुला : | कर्मचारी वा शासक वर्गबाट धोका हुन सक्छ, सचेत हुनुपर्छ। |
| वृश्चिक : | सानो प्रयासले भाग्यनिर्माण गर्न सकिने दिन छ। |
| धनु : | श्रम र प्रयत्नको उचित मूल्य प्राप्त हुनेछ। |
| मकर : | नयाँ ज्ञान सिक्ने मौका छ। पढाईमा प्रगति हुनेछ। |
| कुम्भ: | मुद्दा-मामिलामा विजयी भइनेछ। व्यापार तथा उद्योगतर्फ सामान्य फाइदाको योग छ। |
| मीन : | व्यावसायिक यात्राको सम्भावना छ। मनग्ये आम्दानी हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे
दिउँसो :- ११:४६ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# छोरीलाई डाक्टर बनाउने सपना जेनजी आन्दोलनसँगै अन्त्य



काठमाण्डु । सबै मानिसको आ-आफ्ना सपना लक्ष्यहरु रहेका हुन्छन्, कसैको लक्ष्य सङ्घर्षका क्रममा पूरा हुन्छ भने कसैले लक्ष्य प्राप्तिका लागि सङ्घर्षरत रहँदै गर्दा अचानक बीचमा जीवनलीला नै अन्त्य भएर यो संसारबाट सधैँका लागि छाडेर जानुपर्ने हुन्छ । जीवनमा कसको लेखान्तर कस्तो हुन्छ भन्ने कसैलाई थाहा छैन ।

उदयपुर जिल्लाको चौदण्डीगढी नगरपालिका-३ बसाहास्थित आमसालमा जन्मी हुर्किएर कान्छी छोरीलाई डाक्टर बनाउने सपनासहित काठमाडौँको कपनमा मजदुर काम गर्दै आएका सारकुमार राईको कान्छी छोरीलाई डाक्टर बनाउने सपना पनि गत भदौ २३ को जेनजी आन्दोलनका क्रममा गोली लागेर ढलेपछि सदाका लागि राईको सपना अन्त्य भएको छ । जीवनमा आफूले ठूलो प्रगति गर्न नसके पनि सन्तानलाई ठूलो मान्छे बनाउने उत्कट चाहना हरेक बाबुआमालाई हुने गर्दछ तर सबैका चाहना पूरा हुन सक्दैनन् । यही अधुरो चाहनामै जीवन गुमाउनुपऱ्यो सारकुमारले पनि ।

विसं २०५६ देखि २०५८ सम्म सर्लाही र चितवनतिर रोजगारी गर्दै हिँडेको स्व राईले २०५८ सालमा सर्लाही बरहथवाकी सुनिता मगरसँग भेट भएपछि दुवैको प्रेम विवाह भएको स्व राईका श्रीमती सुनिता बताउनुहुन्छ । दुवैको जेठी छोरीका रुपमा २०६३ सालमा ठूली छोरी अनुसाको जन्म भएको र २०६८ सालमा कान्छी छोरी आकृतिको जन्म भएको स्व राईका श्रीमती सुनिता बताउनुहुन्छ । दुवै छोरीको जन्म भए पनि दुःख र बेरोजगारीका कारण ठूली छोरीलाई कक्षा ८ भन्दाबढी पढाउन नसकिएको पनि सुनिता बताउनुहुन्छ ।

सानैदेखि कान्छी छोरीको पढाइ राम्रो रहेका कारण पनि चितवनमा रोजगार गर्दै आएका सारकुमार राईले आफू काठमाडौँमा गएर रोजगारी गरेर भए पनि कान्छी छोरीलाई डाक्टर बनाउने भन्दै चितवनबाट काठमाडौँको कपनमा गएर घर रङरोगन गर्ने मजदुर काम गर्दै आउनुभएको थियो । गत भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा काम छाडेर जेनजी मजदुरहरुसहित सडकमा हिँडिरहेका राईलाई देब्रेपट्टिको कञ्चटबाट गोली लागेपछि दाँहिने त्यहीँ ढल्नुभयो ।

त्यस दिनको घटना स्मरण गर्दै सुनिता भन्नुहुन्छ, "तत्काल उहाँलाई फोन गरेँ उठेन, तर रातको ९:०० बजे उहाँकै साथीले मलाई फोन गरेर दाई त गोली लागेर अस्पतालमा गम्भीर बिरामी हुनुहुन्छ भनेपछि म त बेहोस भएछु ।" जीवनमा यस्तो घटना सुन्नुपर्ला भन्ने उहाँले कहिल्यै सोच्नु भएको थिएन । दुई दिनपछि चितवनबाट काठमाडौँ पुग्दा श्रीमान्को मृत्यु भइसकेको थियो ।

सुनिताका अनुसार श्रीमान्को मृत्युपश्चात् आफू उदयपुरको चौनपा-३ बसाहा फर्केर आएको र त्यसको १० दिनपछि श्रीमान्को शवलाई घरमा सेनाले काठमाडौँबाट ल्याइदिएका कारण घरको आफैँ कर्ता भएर किराँती राईको अन्तिम संस्कार गराउनुभयो । कान्छी छोरी र आफू किरिया पुत्री बसेर काजकिरियासमेत सम्पन्न गरेको श्रीमती राई बताउनुहुन्छ ।

स्व सारकुमार राईको दिदी कुमारी राईका अनुसार सारकुमार राईको घरपरिवारमा पाँच दाजुभाईमध्ये सारकुमार साइला छोरा रहेको र उहाँले गाउँको स्कुलमा सामान्य ६ कक्षासम्म मात्र अध्ययन गरेका थिए । विसं २०७२ मा आमा नेपी मायाको निधन भएको र २०८० सालमा बुबा गजब सिं राईको निधन भएको स्व राईका दिदी कुमारी बताउनुहुन्छ ।

स्व राई सात वर्षदेखि काठमाडौँको कपन क्षेत्रमा घरको रङ्गरोग गर्ने मजदुरका रुपमा काम गर्दै आउनुभएको थियो भने श्रीमती सुनिता चितवन भरतपुर महानगरपालिका-११ स्थित मनशिला बोर्डिङ स्कुलको होस्टेलमा काम गर्ने गर्नुहुन्छ । उहाँले सोही स्कुलमा कान्छी छोरी आकृतिलाई पढाउँदै आउनु भएको छ । अहिले उनी कक्षा १० मा अध्ययनरत छिन् । सुनिताका अनुसार ठूली छोरी अनुसालाई पढाउन नसकिएका कारण हाल भारतको हिमाञ्चल प्रदेशमा आफ्ना दिदीसँग बस्दै आएकी छिन् । श्रीमती सुनीता श्रीमान्बारे यसो भन्नुहुन्छ, "चौदण्डीको बसाहामा सबै दाजुभाइको संयुक्त १५ कट्ठा सुक्खा बारी जग्गा रहेको र एउटा काठको घरसमेत रहेकामा हाल दाजुहरु र उहाँहरुको परिवारहरु बस्दै आएका छन् ।"

सुनिताका अनुसार श्रीमान्ले मजदुर गरेर नै बसाहामा एउटा घर पनि बनाउने र कान्छी छोरीलाई पनि डाक्टर पढाउने अठोट गरेर चितवनबाट आफूसहित छोरीलाई यहाँ राखेर काठमाडौँ जानुभएको थियो । छोरीलाई डाक्टर पढाउनका लागि धेरै खर्च लाग्ने भनेर केही खर्च पनि जुटाउँदै कृषि विकास बैंकमा जम्मा गर्ने गरेको सुनिता बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "श्रीमान् काठमाडौँमा हुँदा दुई-तीन महिनामा एकपटक भेट्न चितवन आइरहनुहुन्थ्यो, हिजोआज त म एक्लै छु तर छोरीलाई हेरेर मन बुझाएर बसेकी छु ।"

छोरी डाक्टर पढ्न थालेपछि मात्र श्रीमतीसहित बसाहा गएर घर बनाउने र बस्न भन्दै काठमाडौँबाट घर फर्कने अठोट लिएर काठमाडौँ कपनमा मजदुरी गर्दै आएका सारकुमार भदौ २३ को जेनजी आन्दोलनका क्रममा गोली लागेर सहिद हुन पुग्नुभयो । श्रीमान्को अधुरो सपना आफूले पूरा गर्ने भन्दै श्रीमती सुनिता भन्नुहुन्छ, "श्रीमान्ले अधुरो छाडेर गएको सपना छोरीलाई डाक्टर बनाउने सपना मैले पूरा गर्ने अठोट लिएकी छु ।"

सारकुमारलाई जेनजी सहिद घोषणा गरेपछि सरकारबाट सहयोग भएको रु १५ लाखमध्ये पाँच लाख श्रीमान्को काजकिरियामा खर्च भएको र र बाँकी १० लाख कृषि विकास बैंकमा जम्मा गरेर राखेको उहाँको भनाइ छ । श्रीमान्ले मजदुर गरेर कमाएको केही रकम पनि बैंकमा रहेको र पछि सोही खर्चबाट र सरकारले केही सहयोग गरे आफूले घर नबनाएर भए पनि छोरीलाई डाक्टर बनाएरै छाड्ने सुनिताको अठोट रहेको छ ।

स्व सारकुमारका छिमेकी चौनपा-३ बसाहाका रामबहादुर राईका अनुसार सारकुमार सानैदेखि सोझो र इमानदार र परिश्रमी रहेका थिए । घरमा धेरै भाइछोराहरु रहेको र आर्थिक कमजोर भएका कारण गाउँमा ६ कक्षासम्म मात्र अध्ययन गर्नुभएका सारकुमार मजदुरी गर्नकै लागि सर्लाहीबाट चितवन हुँदै काठमाडौँको कपनमा काम गर्दै आउनुभएको थियो ।

आफू दुःखले पढ्न नपाए पनि कान्छी छोरीलाई डाक्टर बनाउने सपना बोकेका राईको गत भदौ २३ गतेको जेनजी आन्दोलनका क्रममा गोली लागेर सहिद हुन पुगेपछि उनको सपना अधुरै अन्त्य भएको बसाहा आमसालका कृपाराज राईले बताउनुहुन्छ । उदयपुर बेलका नगरपालिका-४ का सन्तोष विक पनि जेजनी आन्दोलनका क्रममा राईसँगै गोली लागेर सहिद हुनुभएको छ ।रासस

## देशभरका हिरासतमा देखिएका समस्या समाधानमा गम्भीर हुन सरकारलाई आयोगको आग्रह




काठमाण्डु । राष्ट्रिय मानवअधिकार आयोगले देशभरका हिरासतमा देखिएका समस्या समाधानमा गम्भीर हुन सरकारलाई आग्रह गरेको छ ।

आयोगका प्रवक्ता डा टीकाराम पोखरेलले आइतबार प्रेस विज्ञप्ति जारी गरी 'जेनजी' प्रदर्शनका क्रममा हिरासतबाट मागेका थुनुवा र लुटिएका हतियार फिर्ता नभएको अवस्थामा सुरक्षामाथि चुनौती थपिएको भन्दै समस्या समाधान गर्न आग्रह गर्नुभएको छ ।

"जेनजी प्रदर्शनका क्रममा हिरासतबाट भागेका थुनुवा र लुटिएका हतियार फिर्ता नहुँदा शान्तिसुरक्षामा चुनौती थपिएको पाइएको छ", विज्ञप्तिमा भनिएको छ, "प्रदर्शनका क्रममा क्षति पुगेका भौतिक संरचना निर्माण गर्न र हिरासतमा रहेका थुनुवाका लागि अत्यावश्यक सामग्रीका लागि बजेट अभाव रहेको जानकारी प्राप्त भएको छ । हिरासतमा विद्यमान यी समग्र समस्याको समाधानमा गम्भीर हुन आयोग सरकारलाई आग्रह गर्दछ ।"

आयोगको टोलीले प्रदर्शनपश्चात उपत्यकाभित्रका हिरासत कक्षको अवस्था सम्बन्धमा यही कात्तिक २७ र २८ गते अनुगमन गरेको जनाएको छ । त्यस क्रममा काठमाडौँका सोह्रखुट्टे, स्वयम्भू, कोटेश्वर, सिंहदरबार, महाराजगञ्ज र कालीमाटीस्थित प्रहरी वृत्त, ललितपुरको जिल्ला प्रहरी परिसर तथा सातदोबाटो वृत्त र भक्तपुरको जिल्ला प्रहरी परिसर, जगाति, मध्येपुर र ठिमीस्थित प्रहरी वृत्तका हिरासतमा रहेका थुनुवाको मानव अधिकार अवस्था र हिरासतको भौतिक संरचनाको अवस्थालगायत विषयमा स्थलगत अनुगमन गरिएको थियो । आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयमार्फत पनि उपत्यका बाहिर रहेका हिरासत कक्षको अनुगमन सुरु गरिएको पनि जनाइएको छ ।

आयोगले प्रदर्शनका क्रममा आपराधिक क्रियाकलाप गरेको प्रमाणका आधारमा केही व्यक्तिलाई पक्राउ गरिएको प्रहरी भनाइ पाइएको जनाएको छ । "जेनजी प्रदर्शनका क्रममा प्रहरीका अधिकांश भौतिक संरचना क्षति भएको र हाल स्थानीय समुदायको सहयोगमा कतिपय संरचना निर्माण भई सञ्चालनमा आएको, हिरासतबाट बाहिर निस्केका केही थुनुवा अझै पनि फिर्ता नआएको देखिएको छ", आयोगले भनेको छ, "प्रहरीसमेत घाइते भएका र उनीहरूको मनोबल कमजोर बनेको, कतिपय प्रहरी कार्यालयमा रहेका फाइल जलेर नष्ट भएको र हतियार लुटिएको लगायतका जानकारी अनुगमनका क्रममा प्राप्त भएको छ ।"

आयोगले 'जेनजी' प्रदर्शनपश्चात प्रहरी हिरासतमा मानवअधिकारको अवस्थाबारे आयोगमा गुनासा, उजुरी र ज्ञापनपत्र प्राप्त भएको थियो । रासस

## तीन महिनामा साढे पाँच खर्बभन्दा बढी रेमिट्यान्स भित्रियो




काठमाण्डु । चालू आर्थिक वर्ष २०८२/८३ को पहिलो तीन महिनामा साढे पाँच खर्बभन्दा बढी रेमिट्यान्स भित्रिएको छ ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदन अनुसार विप्रेषण आप्रवाह ३५ दशमलव चार प्रतिशतले वृद्धि भई रु पाँच खर्ब ५३ अर्ब ३१ करोड पुगेको हो ।गत असोज महिनामा मात्र रु दुई खर्ब एक अर्ब २२ करोड विप्रेषण आप्रवाह भएको राष्ट्र बैंकले जनाएको छ ।

यो अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु छ खर्ब १० अर्ब ६१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु चार खर्ब ४३ अर्ब ७६ करोड रहेको थियो ।पछिल्लो तीन महिना अवधिमा वैदेशिक रोजगारीका लागि संस्थागत तथा व्यक्तिगततर्फ अन्तिम श्रम स्वीकृति लिने नेपालीको सङ्ख्या एक लाख २३ हजार ४५९ र पुनःश्रम स्वीकृति लिनेको सङ्ख्या ७७ हजार २५७ रहेको छ ।

### मुद्रास्फीति एक दशमलव ६७ प्रतिशत

गत वर्षको तुलनामा मुद्रास्फीति उल्लेख्य रुपमा घटेको देखिएको छ । नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालू आर्थिक वर्ष २०८२/८३ को देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार गत असोजमा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ४७ प्रतिशत देखिएको छ । अघिल्लो आर्थिक वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति चार दशमलव ८२ प्रतिशत रहेको थियो ।

आर्थिक वर्ष २०८२/८३ को प्रथम त्रैमासको औसत मुद्रास्फीति एक दशमलव ६७ प्रतिशत छ । अघिल्लो वर्षको सोही अवधिको औसत मुद्रास्फीति चार दशमलव २६ प्रतिशत रहेको थियो ।

गत असोज महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति दुई दशमलव ५४ प्रतिशतले ऋणात्मक रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति तीन दशमलव ८० प्रतिशत रहेको छ । खाद्य तथा पेय पदार्थ समूहअन्तर्गत घ्यू तथा तेल उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क सात दशमलव ७५ प्रतिशत, गैरमदिराजन्य पेय पदार्थको तीन दशमलव ७१ प्रतिशत र माछा तथा मासुको तीन दशमलव १५ प्रतिशतले बढेको छ । तरकारी उप-समूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १५ दशमलव ६३ प्रतिशत, मरमसलाको सात दशमलव ८२ प्रतिशत र दाल तथा गेडागुडीको चार दशमलव ४१ प्रतिशतले घटेको छ ।

गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क १५ दशमलव ५१ , शिक्षाको सात दशमलव ६७, कपडाजन्य तथा जुत्ताचप्पलको छ दशमलव २९, सुर्तीजन्य पदार्थको चार दशमलव ८४ र फर्निसिङ तथा घरायसी उपकरणको चार दशमलव ५५ प्रतिशतले बढेको छ । बीमा तथा वित्तीय सेवा उपसमूहको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क शून्य दशमलव २३ प्रतिशतले घटेको छ । त्यस्तै, ग्रामीण क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव २९ प्रतिशतले र सहरी क्षेत्रको वार्षिक विन्दुगत उपभोक्ता मूल्य सूचकाङ्क एक दशमलव ५३ प्रतिशतले बढेको छ ।

प्रदेशगत रूपमा समीक्षा महिनामा कोशी प्रदेशको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति दुई दशमलव ३३, मधेश प्रदेशको एक दशमलव २०, बागमती प्रदेशको एक दशमलव १३, गण्डकी प्रदेशको एक दशमलव १६, लुम्बिनी प्रदेशको एक दशमलव ८९, कर्णाली प्रदेशको एक दशमलव ९१ प्रतिशत र सुदूरपश्चिम प्रदेशको शून्य दशमलव ६९ प्रतिशत रहेको छ ।त्यस्तै काठमाडौँ उपत्यकाको वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति एक दशमलव ४३, तराईको एक दशमलव २ ९, पहाडको एक दशमलव ५० प्रतिशत र हिमालको दुई दशमलव ३३ प्रतिशत रहेको छ ।

### चालुखाता र शोधनान्तर बचतमा, १६ महिनाको आयात धान्ने मुद्रा सञ्चिति

चालु आर्थिक वर्षको पहिलो त्रैमासिकमा चालु खाता र शोधनान्तर स्थिति बचतमा देखिएको छ ।

नेपाल राष्ट्र बैंकले आइतबार सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०८२/८३ को असोज महिनासम्मको तथ्याङ्कमा आधारित देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति प्रतिवेदनअनुसार चालु खाता रू दुई खर्ब ३७ अर्ब ५९ करोडले बचतमा रहेको छ । यस अवधिमा खुद पुँजीगत ट्रान्सफर रू पाँच अर्ब ५५ करोड रहेको छ । त्यस्तै, पछिल्लो तीन महिनामा रू एक अर्ब ७४ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको राष्ट्र बैंकले जनाएको छ । असोज मसान्तसम्ममा शोधनान्तर स्थिति रू दुई खर्ब ६४ अर्ब तीन करोडले बचतमा रहेको छ ।

गत असार मसान्तमा रू २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति पछिल्लो तीन महिनामा ११ दशमलव तीन प्रतिशतले वृद्धि भई असोज मसान्तमा रू २९ खर्ब ७९ अर्ब ८१ करोड पुगेको छ । कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रू २४ खर्ब १४ अर्ब ६४ करोड रहेकामा गत असोज मसान्तमा १० दशमलव पाँच पाँच प्रतिशतले वृद्धि भई रू २६ खर्ब ६७ अर्ब ७० करोड पुगेको छ ।

त्यस्तै राष्ट्र बैंक बाहेक बैंक तथा वित्तीय संस्थासँग रहेको विदेशी विनिमय सञ्चिति १८ दशमलव सात प्रतिशतले वृद्धि भई रू तीन खर्ब १२ अर्ब १० करोड कायम भएको छ । गत असोज मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २४ प्रतिशत रहेको छ । चालु आर्थिक वर्षको तेस्रो महिनासम्मको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १९ दशमलव नौ महिनाको वस्तु आयात र १६ दशमलव चार महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको राष्ट्र बैंकले जनाएको छ ।रासस

## आयोगमा नयाँ दल दर्ता र खारेजीको क्रम जारी



काठमाण्डु । निर्वाचनमा आयोगमा नयाँ दल दर्ता र पुराना दल खारेजीको क्रम जारी रहँदा आजसम्म १२२ दल कायम रहेका छन् ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार निर्वाचन घोषणा भएको मिति गत भदौ २७ पछि सात नयाँ दल दर्ता र पुराना सात दल खारेज भई एक सय २२ राजनीतिक दल कायम रहेको जानकारी दिनुभयो । निर्वाचन आयोगले नयाँ दल दर्ताको निवेदन दिने आइतबार अन्तिम दिनसम्म निवेदनको क्रम चलेकाले ती नयाँ आवेदनबारे आवश्यक कागजात हेरेर आयोगले चाँडै निर्णय गरी दल दर्ताको प्रमाणपत्र दिनेछ ।

अहिले आयोगमा २८ नयाँ दलको निवेदन विचाराधीन छ । आयोगको कार्यतालिका अनुसार आगामी मङ्सिर १ गतेदेखि १० गतेसम्म पुराना र नयाँ सबै दलले आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि झ्लै दल दर्ता गर्नुपर्नेछ । यसका लागि आयोगले सूचना प्रकाशन गरिसकेको छ ।हालै एकताबाट निर्मित नेपाली कम्युनिष्ट पार्टीलाई आयोगले दल दर्ताको प्रमाणपत्र प्रदान गरेपछि नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) सहितका दलहरु समायोजित भई दलको सङ्ख्या घटेको हो । आयोगले नागरिकको चापलाई ध्यानमा राखेर मतदाता नामावली दर्ता र अद्यावधिकको कार्यको अवधि आइतबारसम्म निर्धारण गरिएकामा थप गरेर आगामी मङ्सिर ५ गतेसम्मका लागि कायम राखेको छ । राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने भएपछि अनलाइनबाट नाम दर्ता गराउनेको उच्च चाप देखिएको छ ।रासस

## लुम्बिनी प्रदेशको हिउँदे अधिवेशन मङ्सिर ८ गतेदेखि

तुलसीपुर । लुम्बिनी प्रदेशको हिउँदे अधिवेशन मङ्सिर ८ गतेदेखि सुरु हुने भएको छ । प्रदेशसभा सचिव दुलर्भकुमार पुनका अनुसार प्रदेशसभाको सातौँ अधिवेशन ८ मङ्सिर सोमबार आह्वान गरिएको छ ।




प्रदेश प्रमुख कृष्णबहादुर घर्तीले सोही दिन दिउँसो १ बजेदेखि अधिवेशनको आह्वान गरेको सचिव पुनले जानकारी दिनुभयो । नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम बैठक आह्वान गरिएको हो ।रासस


# Rajarshi Janak University
## Faculty of Management
## Office of the Dean

**(Published Date: 2082|08|01)**

Rajarshi Janak University, Faculty of Management announces online application form for entrance examination (RJU-CMAT) for the admission in Master of Business Administration (MBA) Semester System for the admission year 2082.

**Eligibility**


- Bachelor's Degree in any stream with a minimum of CGPA score of 2 or 45 percent

**Admission Schedule**

| | |
|---|---|
| For online application | www.apply.rju.edu.np |
| Last date of the submission of Application Form | December 16, 2025 (2082-09-01) |
| Date of Entrance Exam | December 19, 2025 (2082-09-04) |
| Time | 8:00 AM to 10:00 AM |
| Application Fee | Rs. 1,500 |
| Entrance Exam Center | Respective campuses |

**Note:** The entrance exam will include 25 multiple-choice questions from each of the following areas: Verbal Ability, Quantitative Ability, General Awareness, and Logical Reasoning.

**Dean**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# आक्रोश पोख्ने तरिका गलत

मधेश प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव तनावमा छन् । उनलाई मुख्यमन्त्री नियुक्ति गर्ने प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीलाई सरकारले बर्खास्त गरिसकेको छ । नियुक्ति प्रक्रिया सर्वोच्च अदालतमा विचाराधीन रहेको छ । सात दलीय गठबन्धन सडकमा मुख्यमन्त्री विरुद्ध आन्दोलन गरिरहेको छ । यस्तो आन्दोलन मधेश प्रदेशको सबै जिल्लामा विस्तार भएको छ । मुख्यमन्त्रीलाई कार्यालयमा जान असहज छ । विपक्षी दलहरुले असंवैधानिक प्रक्रियाबाट नियुक्त भएका मुख्यमन्त्रीले राजीनामा दिनुपर्ने अथवा बर्खास्त गर्नुपर्ने एक सुत्रीय माग लिएर संघर्ष गरिरहेको छ । मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेकाले फैसलालाई कुर्दै विपक्षी दलहरुले सडकलाई तताएका छन् । जनमत पार्टीका सतीश कुमार सिंह नेतृत्वको सरकारमा वर्तमान मुख्यमन्त्री भौतिक पूर्वाधार विकास मन्त्री थिए । अहिले स्वयं मुख्यमन्त्री बनेका छन् । तर काम गर्न पाएको छैन । उनले आफ्नो नियुक्तिलाई समेत संवैधानिक भएको भाष्य सृजना गर्न सकेको छैन । एमालेको एउटा गुट उनको विरोधमा छ । यादवको नियुक्तिलाई एमालेकै प्रमुख सचेतक र सांसदहरुले अवैधानिक भएको बताइरहेका छन् । मुख्यमन्त्रीले आफ्नो भूमिकालाई आफ्नो पक्षमा वातावरण बनाउने तिर समेत केन्द्रित गर्न सकेको छैन । यस्ता थुप्रै कारणहरुले उनी तनावमा हुनुपर्छ । उनी धेरै आक्रोशित पनि देखिएका छन् । उनका वरिपरि रहेका केही सल्लाहकारहरु कमिसन असुली, सरुवामा घुस खाने भ्रष्टहरुले उपयुक्त सल्लाह समेत दिन सक्दैन । मुख्यमन्त्री यादवले शनिबार व्यक्त गरेको आक्रोशले कुटनीतिक नियोगहरुलाई समेत तानेको छ । देश र मधेश प्रदेशको सरकार गठन, मन्त्रीको नियुक्ति लगायतमा विदेशी कुटनीतिक नियोगहरुको भूमिका रहने गरेको उनले आक्षेप लगाएका छन् । नेपालको सबैभन्दा निकटको सहयोगी छिमेकीको नाम नै किटान गरी यादवले देशको मन्त्री बनाउन र मधेशमा सरकार गठनदेखि सांसदहरुलाई धम्काउनेसम्मको आरोप मुख्यमन्त्री यादवले लगाएका छन् । यसको असरको विषयमा उनी गम्भीर देखिएन । नेपाल र भारतबीचको सम्बन्ध त्रेता युगकालीन रहेको छ । जिम्मेवार पदमा रहेका नेताको अभिव्यक्ति पनि जिम्मेवारीपूर्ण हुनुपर्छ । नेपाल र भारतबीचको सम्बन्धमा तिक्तता आउने अभिव्यक्ति दिनु हुँदैन । मधेश प्रदेशमा वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले राजनीतिक हस्तक्षेप गरेको आरोपलाई प्रदेशका कयौं पूर्वमुख्यमन्त्रीले गलत बताएका छन् । उनीहरुले वाणिज्य दूतावासको हस्तक्षेप कहिल्यै महसुस नगरेको उनीहरुको कथन सार्वजनिक भएको छ । संवैधानिक र लोकतान्त्रिक मूल्य मान्यताको विषयमा घेराबन्दीमा परेका मुख्यमन्त्री यादवले छिमेकी भारतमाथि आक्रोशित हुनु गलत हो । मुख्यमन्त्रीले आफ्नो पदीय मर्यादालाई हरदम ख्याल गर्नुपर्छ । उनको अभिव्यक्तिले दुई देशबीचको सम्बन्धमा असर पर्न सक्छ । आक्रोशित हुँदा झन् संयमित भएर अभिव्यक्ति दिनुपर्छ ।

# कमेरोटार आयोजना २१ वर्षसम्म अलपत्र

**रमेश गिरी**

पाँच वर्षमा सम्पन्न गरी जग्गा धनीलाई विकसित घरेडी फिर्ता गर्ने गरी सुरक्षित र सुविधा सम्पन्न आवासको परिकल्पना गर्दै मध्यपुरथिमि नगरपालिकास्थित कमेरोटार क्षेत्रमा सञ्चालन भएको 'कमेरोटार जग्गा एकीकरण आयोजना' विगत २१ वषसम्म पूरा नभई अलपत्र परेको छ ।

तत्कालीन नगर विकास ऐन, २०४५ तथा हालको उपत्यका विकास प्राधिकरण ऐन २०४५ अनुसार सञ्चालन भई जग्गा एकीकरण आयोजना पाँच वर्षभित्र आयोजना सम्पन्न गरेर जग्गा धनीलाई विकसित घरेडीसहितको जग्गा फिर्ता गर्ने शर्तमा उपत्यका नगर विकास प्राधिकरणले सुरु गरेको आयोजना विभिन्न कारण देखाएर सम्पन्न गर्न ढिलाइ गरे पनि जग्गा बिक्री भने गर्दै आएको छ ।

अरनिको रामार्गबाट उत्तरतर्फ मध्यपुरथिमि नगरपालिका राधेराधेबाट पश्चिमतर्फ शत्त धर चोकसम्म, उत्तरतर्फ निकोसेरा सानोथिमि जाने सडकसम्म र पूर्वतर्फ राधेराधे चोकबाट निकोसेरा चोकको सडकसम्मको क्षेत्रलाई विकसित आवासीय घरेडीसहितको सुविधा सम्पन्न आवासीय क्षेत्र निर्माण गर्ने उद्देश्यले उपत्यका विकास प्राधिकरणले आर्थिक वर्ष २०५८/५९ बाट आयोजनाको प्रारम्भिक काम सुरु गर्दै बृहत् गुरुयोजना निर्माण गरेको थियो ।

पटकपटकको विवादपछि २०५९ मङ्सिर १ गते उपभोक्ताको हितमा काम गर्नेगरी मध्यपुरथिमिका पूर्वनगरप्रमुख मदनकृष्ण श्रेष्ठको अध्यक्षतामा कमेरोटार जग्गा एकीकरण आयोजना उपभोक्ता समिति गठनपछि समस्या सुल्झाउँदै प्राधिकरणले २०६१ फागुन १७ गते राजपत्रमा सूचना प्रकाशन गरी एक हजार ४८६ रोपनी जग्गामा एकीकरण गरी आयोजना विधिवत रुपमा लागू गरेको थियो । आयोजना २०६५ असार मसान्तसम्ममा सम्पन्न गर्ने कार्य सम्पन्न गरी घरघरमा खानेपानी, सबै सडक कालोपत्र, हरियाली क्षेत्र, खेलकुद मैदान, पार्क, सामुदायिक भवनलगायतका गुरुयोजनाअनुसारको सम्पूर्ण पूर्वाधारहरु निर्माण गरेर जग्गा फिर्ता दिने सम्झौता भएको थियो । आयोजना सुरु भएको २१ वर्ष नाँघिसक्दा पनि आयोजना अझै सम्पन्न नभई अलपत्र परेको छ ।

### स्थानीयको ४५ प्रतिशतसम्म जग्गा काटियो

आयोजनाले अरनिको राजमार्गसँग जोडिएको, पुरानो २० फिटको सडक, राजकुलो, बाटो नपुगेको जग्गा गरी विभिन्न भागमा जग्गाको वर्गीकरण गरी ७ दशमलव ५ देखि ४५ प्रतिशतसम्म जग्गा काटेको छ । सुरुमा जग्गा कटौतीका विषयमा स्थानीय उपभोक्ता र आयोजनाबीच पटकपटक विवाद भए पनि आयोजनाले वैज्ञानिक पद्धतिमा नियमानुसार जग्गा कटौती गरेको दाबी गरेपछि स्थानीय उपभोक्ताले भने जग्गा कटानलाई समेत स्वीकार्दै आयोजना छिटो सम्पन्न गर्न माग गर्दै आएका छन् ।

कटौती गरेकोबाट आएको जग्गामा खुला चौर, पार्क, खेल मैदानका लागि छुट्याएर बाँकी जग्गा आयोजनाले पटकपटक बिक्री गर्दै आएको छ । आयोजनाले सुरुमा नेपाल टेलिकमलाई रोपनीको रु १८ लाखमा ४५ रोपनी जग्गा बिक्री गरेको थियो । आयोजनाले केहीअघिसम्म पनि प्रतिआनाको रु ७० लाखसम्मको जग्गा बिक्री गर्दै आयोजनाको खर्च जुटाउँदै आएको छ ।

### परियोजनाअनुसार भएन काम

आयोजनाभित्र खुला चौर, हरियाली क्षेत्र, खेलकुद मैदान तथा सामुदायिक क्षेत्रसमेतको लागि जग्गा उपलब्ध हुनेछ भनी विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) मा उल्लेख छ । डिपिआरमा हरियाली क्षेत्रलाई प्रथम पटक ५३ रोपनी छुट्याउने भनिए पनि त्यसलाई घटाएर दोस्रो पटक ४२ रोपनीमा कायम गरेको र अहिले फिल्डमा ३६ रोपनी मात्र राखिएर उपभोक्ताहरुको हक र हितविपरीत समग्र आयोजनालाई नै प्रभावित पार्ने कार्य गरेको कमेरोटार नगर विकास संयोजन समाजका अध्यक्ष इन्द्रकुमार श्रेष्ठ बताउनुहुन्छ । सामुदायिक भवन रहने भनिए पनि त्यसको व्यवस्था छैन ।

आयोजनाले प्रत्येक सेक्टरमा हरियालीसहितको खुला क्षेत्र राख्ने भनिए पनि खुला क्षेत्रको व्यवस्थासमेत त्यसअनुसार नगरिएको उहाँ बताउनुहुन्छ । आयोजनाको आयव्यय पारदर्शी नभएको, आयव्यय सार्वजनिक नगरेको र आयोजनामा भ्रष्टाचार भएको जग्गाधनी उपभेक्ताको आरोप छ ।

### ढलमा लापरवाही, वर्षामा सधौ डुबान

आवास ठूलो बनाउने तर ढल सानो हाल्दा यस क्षेत्र वर्षामा डुबानमा पर्न थालेको छ । सेक्टर नं १ सङ्गम कोलोनी क्षेत्रभित्र सडकमा ढल प्रयोजनका लागि १२ इन्च डायामिटरको पाइप हाल्नुपर्नेमा नौ इन्च डायमिटरको ह्युमपाइप प्रयोग गर्दा ढलले थेग्न नसकेर पानी बाहिर निस्कने गरेको छ । ढलको प्रयोजनको लागि अनुपयुक्त ह्युमपाइप हाल्दा ठाउँ ठाउँठाउँमा ढल फुटेर दुर्गन्धित भई वातावरण दूषित बनाइरहेको सङ्गम कोलोनीस्थित आडाम्सका अध्यक्ष एकराज भण्डारी बताउनुहुन्छ ।



आयोजनाकोसमेत व्यवस्थापनको जिम्मेवारी लिएको मध्यपुरथिमि नगरपालिको लापरवाहीले गर्दा नगरपालिका, सडक डिभिजन कार्यालय भक्तपुर र मध्यपुरथिमि नगरपालिकाको मिलेमतोमो निकोसेरा सडकमा वर्षामा हुने डुबान जोगाउन आयोजनाभन्दा बाहिरी क्षेत्रमा रहेको बोडे, सिन्टिटार, निकोसेराको, माथिल्लो क्षेत्र र नगरपालिका कार्यालय आसपास क्षेत्रका करिब एक हजारभन्दा बढी घरको ढलसमेत गरी २० इन्च डायमिटरको ढलसमेत थप गरेर आयोजनाको ढलमा जोडिदिएपछि अहिले यो क्षेत्र डुबानमा पर्ने गरेको आयोजनाका निमित्त प्रमुख दिगम्बर श्रेष्ठले जानकारी दिनुभयो ।

ढल ह्युमपाइपले थेग्न नसक्दा ढलको मङ्गलमा राखिएको बिर्को फुटाएर ढलबाट निस्किएको भेलले हरेक वर्ष सङ्गम कोलोनी क्षेत्र पूर्णरुपमा जलमग्न भई बस्तीमा रहेको घरको भुइँतला डुबानमा पर्ने गरेको, हिँडडुल आवतजावत र सवारीसाधानसमेत ठप्प हुने गरेको, दुर्गन्ध फैलिने गरेको र भुइँतलामा बस्नेहरुको विजोग हुने गरेको संयोजन समाजका अध्यक्ष श्रेष्ठको गुनासो छ । नगरपालिकाका प्रमुख सुरेन्द्र श्रेष्ठले भने ढललाई व्यबस्थापन गर्न नगरपालिकाले इञ्जिनियरको विज्ञ टोलीद्वारा निरीक्षण एवं अनुगमन गराई दीर्घकालीन रुपमा समस्या समाधान गर्नेगरी कार्य गर्ने तयारी गरेको बताउनुभयो ।

### सडक कालोपत्र गर्ने कार्य अलपत्र

आयोजना क्षेत्रभित्रको ११ मिटर, सात दशमलव पाँच मिटर र चार मिटर सडकहरुमध्ये केहीमा कालोपत्र र केहीमा ग्राइबेल गरेर अलपत्र छाडिएको छ । आयोजनाभित्रका २३ किलोमिटर फुटपाथसहितको सडक करिब ४८ करोडको लागतमा कालोपत्र गर्ने गरी २०७७ सालमै श्रेष्ठ नागार्जुन मुडभरी एण्ड जोशी जेभीसँग आयोजनाले ठेक्का सम्झौता गरे पनि करिब १० किलोमिटर सडक कालोपत्र गरेर अरु सडक अलपत्र छाडेको छ ।

तीन पटक म्याद थप गर्दा पनि बेवास्ता गरेको कम्पनीको विगत तीन वर्षदेखि ठेकेदार बेपत्ता भएपछि उपभोक्ता समितिको गत जेठ १ गते बसेको निर्णयले ठेक्का रद्द गर्ने निर्णय गरी नगरपालिकालाई सिफारिस गरेको थियो । जेठ १६ गते नगरपालिकाको कार्यपालिका बैठकले समेत उक्त ठेक्का रद्द गरेर नयाँ ठेक्का प्रणालीमा जाने निर्णय गरे पनि नेपालको कानुनी जटिलताका कारण उक्त ठेक्का कानुनी रुपमा अझै रद्द हुन सकेको छैन ।

नगरप्रमुख श्रेष्ठ भन्नुहुन्छ, "हामीले उपभोक्ताको सिफारिसको आधारमा गत जेठ १६ गते नै ठेक्का रद्द गर्ने निर्णय गरिसकेका छौं, त्यस लगत्तै ठेकेदार सम्पर्कमा आएर उपभोक्तासमेतको छलफलमा कात्तिक महिनामा काम सुरु गर्ने लिखित गरेको छ, ठेकेदारले काम गरे ९० प्रतिशत काम सकिन्छ, छिटो काम गर्न हामी अझै भनिरहेका छौं, अब पनि काम नगरे कानूनी जटिलता फुकाएर भए पनि ठेक्का रद्द गर्न बाध्य हुनेछौं ।" एक महिना अगाडि नै नगरपालिकाका प्रमुख, उपभोक्ता समिति र स्थानीयवासीको रोहबरमा कात्तिक १७ गतेदेखि सामान झार्ने र २२ गतेदेखि कालोपत्र गर्ने लिखित सहमति गरे पनि अझै काम सुरु हुन सकेको छैन ।

### आयोजनाभित्र छैन खानेपानीको सुविधा

आयोजनाभित्र खानेपानीको व्यबस्था छैन । यहाँका करिब ७०० घरधुरीले ट्याङ्करबाट पानी किनेरै जीवन धान्नुपरेको छ । घरघरमा जुमिनमुनीको पानी निकाले पनि पानी अध्याधिक पहेँलो भएको र त्यो पनि वर्षा सकिएलगत्तै पानी नआउने भएपछि यहाँका बासिन्दा खानेदेखि दैनिक उपभोगका लागि ट्याङ्करबाट पानी किनेरै धान्नुपरेको स्थानीयवासी एवं सङ्गमेश्वर महादेव मन्दिर व्यबस्थापन समितिका अध्यक्ष मोहनबरसिंह प्रधानले बताउनुहुन्छ ।

आयोजनाले अधिकांशको घरघरमा खानेपानीको धारोको पाइप पुर्‍याएर छाडिदिएको छ । पानी नआउने भएकाले धारा जडान गर्न सकेको छैन । मेलम्चीको पानी वितरण गर्ने भनेर केयुकेएलसँग आयोजनाले समन्वय गरे पनि केयुकेएलले बेवास्ता गरेकाले पानीको चरम अभाव छ । त्यसो त आयोजनाकै करिब रु १० करोडको लागतमा पानीको व्यवस्थापन गर्ने भन्दै १५ लाख लिटरको ट्याङ्की निर्माण गरी डिपबोरिङ गरेर पानी निकाले पनि आयोजनाले त्यसलाई वितरण गर्न सकेको छैन । पानीमा आइरनको मात्रा बढी भेटिएकाले पिउन योग्य नभएको बताउँदै आयोजनाका निमित्त प्रमुख झाले वितरणको उचित व्यवस्थापन गर्ने बताउनुभयो ।

### मुद्दा खेप्दै उपभोक्ता

यहाँका पीडित उपभोक्ताले आयोजनासँग वर्षौंदेखि मुद्दा खेप्दै आएका छन् । आयोजना सुरु हुनुपूर्व बनेका घरहरुको हकमा समेत आयोजनाले नयाँ नियम लागू गरेर जथाभावी जग्गा काट्ने वा नयाँ मूल्यअनुसार अतिरिक्त रकम तिर्नुपर्ने नियम लगाएपछि उहाँका पीडित उपभोक्ताहरुले वर्षौंदेखि मुद्दा खेप्दै आउनुपरेको स्थानीय डा अशोक महासेठ बताउनुहुन्छ ।

आयोजना लागू हुनुपूर्व बनेका घरहरुको हकमा आयोजनाको २०६८ जेठ २० गतेको २३औं बैठकको निर्णय नं ४ को अनुसूचीमा रहेको थप जग्गाको मूल्य निर्धारण गरेपछि त्यसकाविरुद्धमा तात्कालीन सरकारको २०६१ सालको मालपोत कार्यालय भक्तपुरको सरकारी दररेट मात्र उपभोक्ताको हकमा आकर्षण हुनुपर्ने माग गरेको उहाँले बताउनुभयो ।

सोही माग राखेर गर्दै २०६८ साउन १९ गते सर्वोच्च अदालतमा आयोजनाविरुद्ध स्थानीय ६३ जनाले रिट निवेदन दर्ता गरिएकामा सात वर्षपछि २०७५ माघ २१ गतेको संयुक्त इजलासबाट आयोजनाले गरेकै निर्णय सदर गर्नेगरी अदालतले गरेको फैसलासमेत आयोजना आफैँले अटेर गरी उपभोक्तालाई मुद्दामाथि मुद्दा लगाएको उहाँ बताउनुहुन्छ ।

सर्वोच्च अदालतको फैसलालाई स्वीकार्दै फैसला बमोजिम आयोजनालाई बुझाउनुपर्ने योगदानबापतको रकम बैंक दाखिला गर्न जाँदा आयोजनाले रकम नबुझी जग्गाको मूल्य बढेकाले पुनः थप अतिरिक्त शुल्क पाउनुपर्ने भन्दै आफ्नै पक्षमा भएको फैसलासमेत अटेर गरी पुनरावलोकनका लागि रिट दायर गरेको छ वर्ष बित्दा पनि सर्वोच्चबाट अन्तिम फैसला अझै आउन सकेको छैन । आयोजना लागू हुनु पूर्व बनेको झण्डै ६० वटा घरको अझै नक्सापास नगर्दा उपभोक्ता थप पिडामा परेको डा झाको भनाइ छ ।

कमेरोटार जग्गा एकिकरण आयोजना २१ वर्ष बित्दा पनि सम्पन्न नगरी अलपत्र पारर जग्गा धनीहरुलाई पीडित बनाएको भन्दै कमेरोटार नगर विकास संयोजन समाजका अध्यक्ष इन्द्रकुमार श्रेष्ठ नेतृत्व पीडित उपभोक्ताहरुले उपभोक्ता समिति खारेज गर्नुपर्ने, आयोजना छिटो सम्पन्न गर्नुपर्ने, आयोजना नगरपालिकालाई पूर्ण स्वामित्व दिनुपर्ने र नगरपालिकाले संरचना निर्माणका लागि लगानी गर्नुपर्ने माग राख्दै पटकपटक आन्दोलनमा उत्रिएका छन् ।

अध्यक्ष श्रेष्ठले २०५९ मङ्सिर १ गते उपभोक्ताको हितमा काम गर्ने गरी पूर्व नगरप्रमुख मदनकृष्ण श्रेष्ठको अध्यक्षतामा गठन भएको कमेरोटार जग्गा एकीकरण आयोजना उपभोक्ता समितिले अहिलेसम्म पुर्नगठन नगरी एकलौटी सञ्चालनमा रहेको र उपभोक्ताको पक्षमा काम गर्न नसकेको उहाँको आरोप छ । पीडित उपभोक्ताले छ वर्षदेखि एक साता अगाडिसम्म पटकपटक आयोजना सम्पन्न गर्न माग गर्दै मध्यपुरथिमि नगरपालिका, शहरी विकास मन्त्रालय, उपत्यका विकास प्राधिकरण, जिल्ला प्रशासन कार्यालय भक्तपुर, आयोजना, उपभात्ता समितिलाई ज्ञापनपत्र बुझाए पनि अझै आयोजना सम्पन्न हुन नसकेको उहाँको भनाइ छ ।

समितिका अध्यक्ष मदनकृष्ण श्रेष्ठले भने यही कात्तिक २३ गतेदेखि सडक कालोपत्र गर्ने र खानपानीको व्यवस्थापनदेखि ढलको व्यवस्थापन गर्ने गरी निर्णय भएको बताउदै ठेकेदारसँग काम पुनःसञ्चालन गर्नेबारे छलफल भइरहेको बताउनुभयो ।रासस

# संकटमा देश: आर्थिक अस्थिरता र सुधारको चुनौती



**रमेश कुमार बोहोरा**

देश अहिले यथार्थमै एउटा गम्भीर संक्रमणको चरणमा छ । यस अवस्थालाई बुझ्न सतही दृष्टि पर्याप्त हुँदैन गहिरो विश्लेषण तथ्य र प्रमाण आवश्यक छन् । २०८२ साल भदौ २३ र २४ गते देशभर भड्किएको जेनजी आन्दोलनले केवल तत्कालको असन्तुष्टि मात्र देखाएन दशकौंदेखि थिचिँदै आएका संरचनागत समस्या, अव्यवस्था, भ्रष्टाचार, नेतृत्वहीनता र कमजोर शासन प्रणालीको वास्तविक अनुहार बाहिर ल्याइदियो । देख्दा यो युवा पुस्ताको आकस्मिक क्रोध जस्तो लागे पनि यसको मूल कारण राज्यका दीर्घकालीन असफलता र जनतामा जम्मा हुँदै गएको भारी निराशा नै हो ।

सबैभन्दा चिन्ताजनक कुरा यति ठूलो अस्थिरता र क्षतिपछि पनि कसैले जिम्मा लिन चाहेन । संविधान कागजमा छ तर व्यवहारमा 'कोमा'मा परेजस्तो देखिन्छ । सुरक्षा निकायहरू भ्रममा परे, सरकार मौन रह्यो, निर्णयहरू ढिलो भए र जनताले पाएका जवाफहरू खाली र असन्तोषजनक रहे । केही दिनको शान्ति देखिए पनि वास्तविक संकट सकिएको छैन । करिब पाँच हजार कैदी जेलबाट भागेपछि तिनको अवस्थाबारे स्पष्ट तथ्य छैन । जुन राज्य संयन्त्र कति कमजोर बनेको छ भन्ने गम्भीर संकेत हो । तिहारमा देखिनुपर्ने सुरक्षा सतर्कता पनि कमजोर रह्यो धेरै स्थानमा खुलेआम तोडफोड र आपराधिक गतिविधि बढे तर सरकार हेरेको हेरीकै भयो ।

युवा पुस्ताको मनोविज्ञान पनि अस्थिर देखिन्छ । सामाजिक सञ्जालको छिटो प्रतिक्रियालाई नै वास्तविकता ठान्ने प्रवृत्ति बढेको छ । क्लिक र ट्रेन्डलाई नै समाधान ठानिँदा तथ्य प्रक्रिया र दीर्घकालीन सोच कमजोर बन्दै गएका छन् । यसले नेतृत्वप्रति विश्वास, निर्णय प्रणालीको विश्वसनीयता र सामाजिक अनुशासन दुवैलाई असर गरेको छ ।

आर्थिक सूचकहरू पनि चिन्ताजनक छन् । राष्ट्र बैंकका पछिल्ला तथ्याङ्कअनुसार उपभोक्ता मुद्रास्फीति १.८७ प्रतिशत छ । जुन सतहमा राम्रो जस्तो देखिए पनि संरचना भित्री रूपमा कमजोर छ । कुल आयात १६.२ प्रतिशतले बढेको छ जसले उपभोगमा बढ्दो निर्भरशीलता झल्काउँछ । आयातको ३६.८ प्रतिशत अन्तिम उपभोग्य वस्तु ५४.३ प्रतिशत मध्यवर्ती वस्तु ८.९ प्रतिशत पुँजीगत वस्तु हुनु अर्थतन्त्र स्वदेशी उत्पादनभन्दाआयातमै टेकिएको प्रमाण हो ।

विप्रेषण ३३.१ प्रतिशतले बढेर ३५२ अर्ब ८ करोड पुगेको छ । यो प्रवाह अब 'सहारा'भन्दा 'लत'जस्तै बन्न थालेको छ किनकि आन्तरिक रोजगारी र उत्पादन कमजोर भएको अवस्थामा विदेशमा पसिना बगाउने युवाको श्रममै देश टिकेको छ । सरकारको कुल खर्च १८० अर्ब १७ करोड पुगेछ तर विभिन्न खातामा २५५ अर्ब ६१ करोड निष्क्रिय मौज्दात बसिरहेको छ । जसले बजेट कार्यान्वयनको गम्भीर असक्षमता उजागर गर्छ । प्रशासन काम गर्न डराउने, नेतृत्व जिम्मेवारी नलिने र प्रक्रिया अत्यधिक जटिल हुने कमजोरीले विकासलाई पछाडि धकेलेको छ ।

धितोपत्र बजार पुँजीकरण ४४६७ अर्ब ३० करोड पुगे पनि त्यसको लाभ वास्तविक अर्थतन्त्रले पाएको छैन लाभ सीमित वर्गमै सीमित छ । जेनजी आन्दोलनका क्रममा ६२९ भवन पूर्ण रूपमा नष्ट र १५६० भन्दा बढी भवन आंशिक रूपमा क्षतिग्रस्त भए । करिब २ खर्बभन्दा बढी आर्थिक नोक्सानीको अनुमानले देशको आर्थिक अवस्थालाई झनै दयनीय बनाएको छ । विश्व बैंकले चालु आर्थिक वर्षको वृद्धि २.१ प्रतिशत मात्रै हुने प्रक्षेपण गरेको छ जुन लक्ष्यको करिब आधा हो ।

> **धितोपत्र बजार पुँजीकरण ४४६७ अर्ब ३० करोड पुगे पनि त्यसको लाभ वास्तविक अर्थतन्त्रले पाएको छैन लाभ सीमित वर्गमै सीमित छ । जेनजी आन्दोलनका क्रममा ६२९ भवन पूर्ण रूपमा नष्ट र १५६० भन्दा बढी भवन आंशिक रूपमा क्षतिग्रस्त भए । करिब २ खर्बभन्दा बढी आर्थिक नोक्सानीको अनुमानले देशको आर्थिक अवस्थालाई झनै दयनीय बनाएको छ । विश्व बैंकले चालु आर्थिक वर्षको वृद्धि २.१ प्रतिशत मात्रै हुने प्रक्षेपण गरेको छ जुन लक्ष्यको करिब आधा हो ।**

यतिबेला जनताले 'घोटालाको खेती' चलेको आरोप लगाउनु केवल भावनात्मक प्रतिक्रिया होइन तथ्यहरूले पनि त्यही पुष्टि गर्छन् । तथ्याङ्क हेरफेर, लक्ष्य पूरा नहुने परम्परा, अनुगमनविहीन परियोजना, खर्च नहुने बजेट यी सबैले राज्यको विश्वासनीयता गम्भीर रूपमा घटाएका छन् । पुँजीगत खर्चलाई विकासको आधार मानिन्छ तर हामीले वर्षभर छुट्याएको रकम नै फर्काएर पठाउने परम्परा बसालिसकेका छौं ।

समस्या केवल राज्यमै सीमित छैन । नागरिकको मौन सहमति, गलतलाई सही ठान्ने संस्कार, जात, नाता वा विचारका कारण भ्रष्टाचारको बचाउ गर्ने बानीले समस्यालाई अझै गहिरो बनाएको छ । सामाजिक सञ्जालले क्षणिक नाटक सिर्जना गर्छ तर वास्तविक समाधान त्यहाँबाट आउने छैन ।

आन्दोलनले परिवर्तनको आशा ल्याए पनि पछिल्ला वर्षमा ती आन्दोलन संरचनागत सुधारमा परिणत हुन सकेका छैनन् । नेतृत्वको कमजोरी, दलगत स्वार्थ, नातावाद-कृपावाद र प्रशासनिक अक्षमताका कारण परिवर्तन कागजमै सीमित रह्यो अब त सामाजिक सञ्जालको केही सेकेन्डको भिडिओले मान्छेलाई ' भगवान्' र 'राक्षस' दुवै बनाइदिने अवस्था छ । तर सत्य र अध्ययनमा आधारित मूल्यांकन हराउँदै गएको छ ।

चुनावले मात्र समस्या समाधान हुँदैन भन्ने यथार्थ फेरि प्रस्ट भएको छ । नीति निरन्तरता, सक्षम प्रशासन, पारदर्शिता, दीर्घकालीन योजना र कानूनको समान कार्यान्वयन बिना नेतृत्व फेरिए पनि परिणाम उस्तै रहन्छन् । सकारात्मक संकेतहरू ऊर्जा निर्यातको सम्भावना, कृषि आधुनिकीकरणको छलफल, प्रविधिमा युवाको वृद्धि, कूटनीतिक सक्रियता यी छन् तर राजनीतिक स्थिरता नभएसम्म ती सम्भावना व्यवहारमा बदलिन सक्दैनन् ।

राजनीतिक दलबीचको अविश्वास, पद बदल्ने खेल, निर्णयमा ढिलाइ, योजनाको निरन्तरता भङ्ग हुने बानीले सुधारका संकेतहरू अस्थायी बनाइदिएका छन् । शासन प्रणाली सक्षम नबनेसम्म, प्रशासन चुस्त नबनेसम्म, भ्रष्टाचार नियंत्रण नहुँदासम्म र युवाले स्वदेशमै भविष्य देख्न नसक्दासम्म कुनै पनि सुधार दीर्घकालीन बन्नेछैन ।

अब आवश्यक छ आवेग होइन व्यवहारिक राजनीति युवाको आवाजलाई प्राथमिकता दिनुपर्छ तर त्यो आवाज ठोस नीतिगत कार्ययोजनामा परिणत हुनुपर्छ । मनपरीतन्त्र अन्त्य गर्दै सबै नागरिकले समान अवसर पाउने वातावरण निर्माण गर्नुपर्छ । भ्रष्टाचार नियन्त्रण, सूचना प्रणाली मजबुत बनाउने, विधि विधान सरल गर्ने, नतिजामुखी सरकारी संरचना बनाउने, राजस्व सुधार गर्ने, पुँजीगत खर्च समयमै कार्यान्वयन गराउने र राष्ट्रिय प्राथमिकतामा एकमत कायम गर्ने काम तत्काल सुरु हुनैपर्छ ।

देश संक्रमणमै छ तर यही अवस्थाले भविष्य निर्माण गर्ने अवसर पनि बोकेको छ । चुनौती ठूलो छ तर समाधान असम्भव छैन । अहिलेको माग उत्तेजना होइन संयमित योजना हो, आवेग होइन गहिरो अध्ययन हो, आरोप होइन साझा जिम्मेवारी हो, देखिएका सुधारका संकेतलाई कार्यान्वयनमा बदल्ने राजनीतिक इच्छाशक्ति, सक्षम प्रशासन र जनसहभागिता भए मात्र देश अहिलेको संकट पार गरेर स्थिर, समृद्ध र न्यायसम्पन्न भविष्यतर्फ अघि बढ्न सक्छ ।

(लेखकः- बोहोरा अर्थ सवाल साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ)

# लुम्बिनी प्रदेशमा कृषि भूमि घट्यो




काठमाण्डु । लुम्बिनी प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल घटेको पाइएको छ। नेपाल राष्ट्र बैंकले गरेको एक अध्ययनअनुसार आर्थिक वर्ष २०८१/८२ मा गत वर्षको तुलनामा खाद्य तथा बालीले ढाकेको क्षेत्रफल एक दशमलव ४२ प्रतिशतले घटेर सात लाख ६८ हजार ९६८ हेक्टर कायम भएको छ।

समीक्षा वर्षमा यस प्रदेशमा खाद्य तथा अन्य बालीको उत्पादन गत वर्षको तुलनामा तीन दशमलव ४३ प्रतिशतले वृद्धि भई ३३ लाख ८० हजार ३२७ मेट्रिक टन भएको छ । समीक्षा वर्षमा दूध, मासु, अण्डा र माछाको उत्पादन गत वर्षको तुलनामा क्रमशः दुई दशमलव ८८ प्रतिशत, तीन दशमलव शून्य तीन प्रतिशत, तीन दशमलव ११ प्रतिशत र १३ दशमलव ९८ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा वनजन्य उत्पादनतर्फ काठ उत्पादन गत वर्षको तुलनामा दुई दशमलव ३४ प्रतिशतले वृद्धि भएको छ।

केन्द्रीय बैंकका अनुसार कृषि क्षेत्रमा प्रवाहित कर्जा तीन दशमलव ४६ प्रतिशतले घटेको छ भने कुल प्रवाहित कृषि कर्जामा रुपन्देही जिल्लाको हिस्सा सबैभन्दा धेरै ४३ दशमलव ८० प्रतिशत र रुकुमपूर्व जिल्लाको हिस्सा सबैभन्दा कम शून्य दशमलव ४० प्रतिशतमात्र रहेको छ।

लुम्बिनी प्रदेशका उद्योगको औसत क्षमता उपयोग ५० दशमलव ६० प्रतिशत रहेको छ। नमूना छनोटमा परेका उद्योगमध्ये रोजिन उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ८८ दशमलव ६९ प्रतिशत र सबैभन्दा कम ड्राइ सिरप उत्पादन गर्ने उद्योगले आठ दशमलव ६४ प्रतिशत क्षमता उपयोग गरेका छन्।

त्यस्तै, समीक्षा वर्षमा औद्योगिक उत्पादनतर्फ सबैभन्दा बढी सिन्थेटिक कपडाको उत्पादन एक सय ७० दशमलव ७७ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा ६ दशमलव ९३ प्रतिशतले वृद्धि भएको छ । औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगहरूमा ४३ दशमलव ६३ प्रतिशत र सबैभन्दा कम विद्युत्, ग्यास तथा पानीसम्बन्धी उद्योगमा एक प्रतिशतमात्र रहेको छ।

सेवा क्षेत्रअन्तर्गत नमूना छनोटमा परेका पर्यटकस्तरीय होटलमध्ये १० वटाबाट प्राप्त तथ्याङ्कबमोजिम होटल शय्या सङ्ख्या ३४ दशमलव २० प्रतिशत, शय्या बिक्री सङ्ख्या ४५ दशमलव ७४ प्रतिशत र पर्यटक आगमन सङ्ख्यामा ६१ दशमलव ७८ ले घटेको छ । यस्तै, घरजग्गा रजिष्ट्रेशन सङ्ख्यामा ४२ दशमलव ८२ प्रतिशतले वृद्धि भएको छ। घरजग्गा रजिष्ट्रेशनबापतको राजस्व रकम गत वर्षको तुलनामा पाँच दशमलव ४५ प्रतिशतले ह्रास भएको छ।

केन्द्रीय बैंकका अनुसार २०८२ असार मसान्तसम्ममा सो प्रदेशका बैंक तथा वित्तीय संस्थाले गरेको निक्षेप परिचालन २०८१ असार मसान्तको तुलनामा १५ दशमलव ४३ प्रतिशत र कुल कर्जा प्रवाह दुई दशमलव ९२ प्रतिशतले वृद्धि भएको छ । समीक्षा वर्षमा छनोटमा परेका बचत तथा ऋण सहकारी संस्थाको कुल पुँजी दुई दशमलव ४४ प्रतिशतले ह्रास भएको छ भने बचत परिचालन ६ दशमलव १६ प्रतिशतले वृद्धि भएको छ। उक्त संस्थाबाट गरिएको कर्जा प्रवाह दुई दशमलव ५० प्रतिशतले वृद्धि भएको छ।रासस

# संसद् पुनःस्थापना भएसँगै मुलुकले राजनीतिक निकास पाउने : अध्यक्ष ओली

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले मुलुकलाई राजनीतिक निकास दिन विघटित प्रनिनिधिसभा पुनःस्थापना हुनुपर्ने धारणा व्यक्त गर्नुभएको छ।

प्रेस चौतारी नेपालको टोलीसँग आइतबार गुण्डुस्थित निवासमा छलफल गर्दै अध्यक्ष ओलीले असंवैधानिक र अनधिकृत ढङ्गबाट संसद् विघटन भएकाले पुनःस्थापना हुनुपर्ने माग दोहोऱ्याउनुभएको हो । उहाँले यसरी असंवैधानिक तरिकाले संसद्लाई विघटन गर्दै जाँदा मुलुकको राजनीतिक प्रणालीमा गलत नजिर बस्नसक्ने भनी चिन्ता व्यक्त गर्नुभयो।

उहाँले संसद् पुनःस्थापनाबाट मात्र देशले राजनीतिक निकास पाउने विश्वाससहित आफ्नो पार्टी पुनःस्थापनाका पक्षमा रहेको स्पष्ट गर्नुभयो।रासस

# शेयर बजार र घरजग्गा कारोबार चलायमान बनाउन आवश्यकः अर्थमन्त्री खनाल

"घरजग्गा कारोबार सहज बनाउनका लागि अध्यादेशमार्फत केही व्यवस्था गर्ने वा सरकारले कार्यकारिणी अधिकार प्रयोग गरेर पनि सुधारका काम गर्न सक्छ"

काठमाण्डु । अर्थमन्त्री रामेश्वरप्रसाद खनालले देशको समग्र आर्थिक क्षेत्र चलायमान बनाउनका लागि पुँजी बजार र सम्पत्ति (घरजग्गा) बजारलाई थप चलायमान बनाइन आवश्यक रहेको बताउनुभएको छ।

नेपाल चेम्बर अफ कमर्सले आइतबार यहाँ आयोजना गरेको 'अर्थतन्त्रका समसामयिक विषयमा छलफल तथा संवाद' कार्यक्रममा उहाँले आर्थिक गतिविधि बिस्तारका लागि दुवै बजारको सक्रियता अनिवार्य भएको बताउनुभयो । अर्थमन्त्री खनालका अनुसार घरजग्गा कारोबारमा देखिएका अवरोध हटाउन सरकारले अध्यादेशमार्फत कानुनमा आवश्यक परिवर्तन गर्न सक्ने विषयमा आन्तरिक छलफल भइरहेको छ।



"घरजग्गा कारोबार सहज बनाउनका लागि अध्यादेशमार्फत केही व्यवस्था गर्ने वा सरकारले कार्यकारिणी अधिकार प्रयोग गरेर पनि सुधारका काम गर्न सक्छ", उहाँले भन्नुभयो।

मन्त्री खनालले निजी क्षेत्रका सबै माग पूरा गर्न सरकारले नसक्ने स्पष्ट पार्दै आपसी समन्वय र सहकार्य भने अत्यावश्यक रहेको बताउनुभयो। "निजी क्षेत्रका सबै माग तत्काल पूरा गर्न नसकिएला, जबरजस्ती लागू गर्न खोजेर पनि हुँदैन, कार्यान्वयनमै गाह्रो हुन्छ । व्यावसायिक वातावरण बनाउने र उत्पादन रोजगारी बढाउने सवालमा भने निजी क्षेत्र र सरकार सँगसँगै जानुपर्छ। रोजगार सिर्जना, देशभित्रै व्यवसाय बिस्तार र लगानी आकर्षण सरकारको अत्यन्तै प्राथमिकतामा छ", उहाँको भनाइ थियो।

गत भदौ २३ र २४ मा भएको 'जेनजी' प्रदर्शनले ५५ जिल्लाका ५१४ स्थानीय तहमा ठूलो क्षति पुऱ्याएको मन्त्री खनालले जानकारी दिनुभयो । निजी क्षेत्रमा मात्र करिब रु ३६ अर्ब बराबरको क्षतिको प्रारम्भिक अनुमान गरिएको छ । निजी र सार्वजनिक दुवै क्षेत्र मिलाएर रु ७८ अर्ब ५१ करोड बराबर क्षति पुगेको खनालले उल्लेख गर्नुभयो। त्यसमध्ये निजी क्षेत्रको रु २३ अर्ब बराबरको बिमा दाबी प्रस्तुत भइसकेको र ४०० भन्दा बढी क्षति दाबीहरू भुक्तानी प्रक्रियामा रहेको उहाँको भनाइ छ।

अर्थमन्त्री खनालले आर्थिक पुनरुत्थानका लागि सरकार र निजी क्षेत्रबीच विश्वास पुनःस्थापना महत्त्वपूर्ण रहेकोसमेत बताउनुभयो। "रोजगारी बढाउने, उत्पादन बिस्तार गर्ने भूमिका सरकारको भन्दा निजी क्षेत्रको ठूलो छ । सरकार सहजीकरण र नियमनको भूमिकामा रहन्छ", उहाँले भन्नुभयो।

देशमा विश्वासको वातावरण निर्माण नहुँदासम्म आर्थिक गतिविधि तीव्रताका साथ अघि बढ्न नसक्ने उल्लेख गर्दै अर्थमन्त्री खनालले कारोबार खर्च घटाउन भन्सार प्रणालीमा सुधार थालिएको जानकारी दिनुभयो। उहाँले भन्सार जाँचपास कारोबार रकमको आधारमा गर्ने र मूल्याङ्कनमा प्रयोग हुँदै आएको सन्दर्भ मूल्य पुस्तिका खारेज गर्ने प्रतिबद्धता जनाउनुभयो।

यसैगरी उहाँले अवैध कारोबार, कालोबजारी, अत्यधिक मूल्यवृद्धि, एकाधिकार जस्ता गैरकानुनी क्रियाकलापमा संलग्न जो कोहीमाथि कडाइका साथ कारबाही हुने चेतावनी दिनुभयो। व्यवसायको लेखापरीक्षण जोखिम विश्लेषण र चुनौतीका आधारमा मात्र गर्ने व्यवस्था आवश्यक रहेको खनालको भनाइ थियो।

करदाता सेवा कार्यालयको सङ्ख्या बढाउने विषय सरकारको प्राथमिकता रहेको र मूल्य अभिवृद्धि कर (भ्याट) मा बहुदर लागू गर्ने विषयमा भने सरकारले तत्काल प्रक्रिया अघि बढाउन नसक्ने उहाँको भनाइ छ। अर्थ मन्त्रालय र नेपाल राष्ट्र बैंकबीच चालू पुँजी मार्गदर्शन कार्यान्वयनलगायत विषयमा निरन्तर छलफल भइरहेको अर्थमन्त्री खनालले बताउनुभयो। सरकारले मौद्रिक नीतिमार्फत पनि व्यवसाय र आर्थिक गतिविधिलाई सहज बनाउने गरी नीतिगत सहयोग गर्दै जाने उहाँले स्पष्ट पार्नुभयो।

सोही कार्यक्रममा नेपाल चेम्बर अफ कमर्सका अध्यक्ष कमलेशकुमार अग्रवालले उद्योगी व्यवसायीको मनोबल उकास्न र व्यवसायमैत्री वातावरण निर्माणका लागि सुरक्षाको प्रत्याभूति पहिलो आवश्यकता रहेको बताउनुभयो । अनलाईनमार्फत कर भुक्तानी, भन्सार जाँचपासमा सहजतालगायतका विषयलाई सरकारले प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो । यस्तै, भन्सार दरलाई समायोजन गरी अधिकतम २५ प्रतिशत कायम गरिनुपर्ने र भ्यादमा बहुदर कायम गर्नुपर्ने चेम्बरको माग छ।

आयकर ऐनलाई पुनर्लेखन गर्नुपर्ने, घर बहाल करमा तीन तहका सरकारबीच देखिएको अस्पष्टता हटाउनुपर्ने, नक्कली र भुट्टा बिलबिजक जारी गर्ने व्यापारीलाई कारबाही गर्नुपर्ने, 'एसेट म्यानेजमेन्ट कम्पनी' खोल्ने प्रक्रिया अविलम्ब अघि बढाउनुपर्ने, कर फछ्र्यौट आयोग गठन गरिनुपर्नेलगायतका माग चेम्बरले अर्थमन्त्री खनालसमक्ष राखेको छ।

कार्यक्रममा चेम्बरका पूर्वअध्यक्ष राजेशकाजी श्रेष्ठले राजस्व अनुसन्धान विभाग खारेज गरिनुपर्ने, उपभोक्ताको क्रयशक्ति बढाउने, निजी क्षेत्रको व्यवसाय गर्ने वातावरण बनाउनुपर्ने, सीमा नाकाबाट हुने चोरी पैठारी र तस्करी रोकिनुपर्नेलगायत विषय उठाउनुभयो।रासस

# क्षतिको विवरण उपलब्ध गराउन सङ्घीय मामिला मन्त्रालयको आग्रह




काठमाण्डु । सरकारले गत भदौ २३ र २४ गते भएको जेनजीको आन्दोलनका कारण भएको क्षतिको विवरण उपलब्ध गराउन सबै गाउँपालिका र नगरपालिकालाई आग्रह गरेको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले देशभरका सात सय ५३ वटै स्थानीय तहलाई पत्राचार गरी क्षतिको विवरण उपलब्ध गराउन आग्रह गरेको छ। मन्त्रालयले यही कात्तिक २७ गते एक पत्रमार्फत आन्दोलनका क्रममा भएको क्षतिको विवरण अनलाइन पोर्टलमा प्रष्टि गर्न पत्राचार गरिएको उल्लेख गरेको छ।

मन्त्रालयले क्षतिको विवरण अनलाइन पोर्टलमा प्रविष्ट गर्नेसम्बन्धी आवश्यक जानकारी गराउन भनिएको छ । पुनः निर्माणलगायतका कामका लागि विवरण उपलब्ध गराउन भनिएको मन्त्रालयले स्पष्ट पारेको छ । सरकारले आन्दोलनका क्रममा भएको सार्वजनिक सम्पत्ति, भौतिक संरचना तथा निजी प्रतिष्ठानको क्षतिको मूल्याङ्कन तथा पुनः निर्माण योजना तयारीका लागि गत असोज ५ गतेको मन्त्रिपरिषद्को बैठकले पाँच सदस्यीय समिति गठन गरेको थियो।

तथ्याङ्क सङ्कलनमा एकरुपता र सहजताका लागि समितिले अनलाइन पोर्टल तयार गरी सम्बन्धित स्थानीय तहले स्थानीय तह अन्तर्गतका कार्यालय, स्थानीय तह भित्रका विवरण गर्न भनिएको हो । क्षतिको तथ्याङ्क प्रविष्ट गर्न छुट भएको भए मन्त्रालयले तयार पारेको पोर्टलमा विवरण उपलब्ध गराउन र अपलोड गर्न अनुरोध गरिएको छ।रासस

# जसपा नेपालले पदाधिकारी तथा कार्यकारिणी समिति सदस्य थप गर्ने

काठमाण्डु। जनता समाजवादी पार्टी (जसपा) नेपालले पदाधिकारी तथा केन्द्रीय कार्यकारिणी समिति सदस्य थप गर्ने भएको छ। पार्टीको केन्द्रीय समितिको बैठकले एक उपाध्यक्ष, एक महासचिव र सात कार्यकारिणी सदस्य थप्ने निर्णय गरेको पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिनुभयो।

उहाँका अनुसार सात कार्यकारिणी सदस्यहरुको पदपूर्ति गर्दा मधेशी दलित एक, महिला दुई, मुस्लिम एक र खुला तीन रहनेछन्। आगामी केन्द्रीय समितिको बैठकबाट निर्वाचनद्वारा उपरोक्त पदहरुको पदपूति गरिने बस्नेतले बताउनुभयो।

पदाधिकारी तथा सदस्य थप गरेसँगै जसपा नेपालको पदाधिकारी २१ सदस्यीय र केन्द्रीय कार्यकारिणी समिति ४१ सदस्यीय हुनेछ। जसपा नेपालले केन्द्रीय समितिमा पाँच सदस्य थप गरेको जनाइएको छ।रासस

# गणतन्त्रभन्दा उत्तम व्यवस्था अरु छैनः मुख्यमन्त्री बानियाँ

पाटन। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले आमनागरिकको हितका लागि गणतन्त्रभन्दा उत्तम व्यवस्था अरु नहुने धारणा राख्नुभएको छ।

बागमती प्रदेश सुशासन केन्द्र, फेडरलिज्म तथा लोकलाइजेशन सेन्टरसँगको सहकार्यमा आइतबार नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानमा आयोजित 'सङ्घीय लोकतान्त्रिक गणतन्त्रः चुनौती र अवसर' विषयक अन्तरसंवाद कार्यक्रममा मुख्यमन्त्री बानियाँले गणतन्त्र गरिब धारणा राख्नुभयो। "हाम्रो गणतान्त्रिक व्यवस्थाले समावेशी, समानुपातिक, सबै वर्ग र समुदायलाई समेटेको छ। तर, भ्रष्टाचार र अस्थिरताले सकारात्मक परिवर्तन आउन सकेन। नेतृत्व परिवर्तन नभएकाले अवस्था परिवर्तन हुन नसकेपछि जेनजी आन्दोलन भयो। अब सबैले आ-आफ्ना कमजोरी सुधार गर्दै जेनजी पुस्तासँग अन्तरक्रिया, सहकार्य र समन्वय गर्नु जरुरी छ", उहाँले भन्नुभयो।

मुख्यमन्त्री बानियाँले



जनताको हित गर्ने व्यवस्था हो भन्दै जनताको अवस्था परिवर्तन आफू सदैव प्रतिबद्ध रहेको उल्लेख गर्नुभयो।

"नेपालले विभिन्न कालखण्डमा फरकफरक परिस्थितिलाई भोग्दै विसं २०६५ जेठ १५ गतेदेखि मुलुक गणतन्त्रमा प्रवेश गरेको हो। तत्कालीन समयमा अन्तरिम संविधान जारी गरेर आएपछि व्यवस्था परिवर्तनसँगै जनताको अवस्थामा उल्लेख्य परिवर्तन हुन सकेको छैन। परिवर्तनसँग जोडिएको विषय नेपाल र नेपालीको समृद्धि हो, व्यवस्था र शासकीय प्रणालीको कमजोरीलाई सुधार गर्नुपर्छ", उहाँले भन्नुभयो।

गणतान्त्रिक व्यवस्थाभित्र अस्थिरता फैलिएकाले भ्रष्टाचार बढ्दै गएको बताउँदै मुख्यमन्त्री बानियाँले सोही कारणले सोचेअनुसार मुलुकमा परिवर्तन आउन नसकेको भन्नुभयो, "देशको सबैभन्दा बढी जनसङ्ख्या रहेको, मुख्य केन्द्रीय राजनीतिक प्रभाव पर्ने बागमती प्रदेशले अन्तरसंवाद आयोजना गरी सहकार्य, समन्वय र सहअस्तित्वमार्फत कसरी अगाडि बढ्न सकिन्छ भन्ने विषयमा महत्त्पूर्ण उपलब्धि प्राप्त हुने विश्वास लिएका छौं।" सङ्घ नीति निर्माण गर्ने र प्रदेश विकास निर्माण गर्ने सरकारी निकाय भएको बताउँदै उहाँले स्थानीय तह नागरिकसँग प्रत्यक्ष जोडिएर सेवा प्रवाह गर्ने स्थानका रूपमा मानिएको उल्लेख गर्नुभयो।

कार्यक्रममा प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलका नेता र जेनजी पुस्ताका युवाहरूबीच नेपालको सङ्घीय प्रणालीले सामना गरिरहेका चुनौती र तिनका समाधानका उपायबारे गहिरो छलफल गरिएको थियो। रासस

# नयाँ पुस्तालाई न्यायको अनुभूति हुनेगरी काम गर्न गृहमन्त्री अर्यालको निर्देशन

काठमाण्डु । गृहमन्त्री ओमप्रकाश अर्यालले नयाँपुस्ताको भावना अनुरूप काम गर्दै उनीहरूलाई न्यायको अनुभूति दिलाउने गरी कार्यसम्पादन गर्न मातहतका निकायहरुलाई निर्देशन दिनुभएको छ।

आइतबार गृहसचिव रामेश्वर दङ्गालको अध्यक्षतामा गृह मन्त्रालयमा बसेको नियमित 'एसएमटी' बैठकमा विशेष उपस्थिति जनाउनुहुँदै मन्त्री अर्यालले कर्मचारीहरूले सक्रियतापूर्वक आफ्नो जिम्मेवारी निर्वाह गर्दै आगामी निर्वाचनमा सम्पूर्ण ध्यान केन्द्रित गर्नुपर्ने बताउनुभयो।



"अहिलेको सरकार निर्वाचनको सरकार हो। त्यसैले पुरानै संरचना वा ऐन-नियममा सीमित भएर मात्र होइन, प्रविधिको अधिकतम उपयोग गर्दै निर्वाचन प्रक्रियालाई सहभागीमूलक बनाउन तथा नागरिकको मताधिकार सुनिश्चित गर्न सबैले जिम्मेवारी वहन गर्नुपर्छ," मन्त्री अर्यालले भन्नुभयो।

उहाँले विभागीय प्रमुखहरुलाई मातहतका कार्यालयको जिम्मेवारी प्रभावकारी ढङ्गले सम्पादन गर्न निर्देशन दिनुहुँदै सेवा प्रवाहमार्फत परिवर्तनको अनुभूती दिलाउन निर्देशन दिनुभयो। गृह मन्त्रालयमा स्थापना गरिएको जेनजी समन्वय समितिलाई अझ सक्रिय बनाउँदै पीडितका गुनासा सुन्ने र समाधान गर्ने प्रक्रियालाई प्रभावकारी बनाउन सकिएमा बाहिर देखा परेका भ्रमपूर्ण धारणा हटाउन सकिने मन्त्री अर्यालको भनाइ थियो।

त्यस अवसरमा उहाँले जेनजी आन्दोलनमा घाइते भएकालाई राहत कार्ड फिल्डमै वितरण गर्ने र घाइते राहत कार्यविधि छिट्टै टुङ्ग्याउन निर्देशन दिनुभयो। बैठकमा गृहसचिव दङ्गालले मन्त्रालय तथा मातहतका संरचनाको कार्यसम्पादनप्रति आफू सन्तुष्ट रहेको बताउनुभयो। मन्त्रालयको नेतृत्व ग्रहण गरेयता राष्ट्रिय परिचयपत्र नियमावली, सशस्त्र प्रहरी नियमावलीलगायतका लगायतका दर्जनभन्दा बढी नियमावली संशोधन भइसकेको र नागरिकता नियमावली अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो।

सचिव दङ्गालले मन्त्रालयको तत्काल सुधार कार्ययोजनालाई प्राथमिकतामा राखी काम गर्न मातहतका प्रमुखहरुलाई निर्देशन दिनुहुँदै गत भदौ २३ गतेपछि मन्त्रालयको कार्यशैलीमा हिजोभन्दा आज आकाश-जमिनको फरक आएको उल्लेख गर्नुभयो। बैठकमा मन्त्रालयका विभागीय प्रमुख, महाशाखा तथा शाखा प्रमुखहरूले आफ्नो-आफ्नो क्षेत्रको प्रगति तथा वस्तुस्थितिबारे जानकारी गराएका थिए।रासस


**Government of Nepal**

**Ministry of Agricuture and Livestock Development**

**Food and Nutrition Security Enhancement Project**

**PCU, Dhanusha, Naktajhij**

**LETTER OF INTENT TO AWARD THE CONTRACT**

**Date of Publication:- 2082/08/01 (17th November, 2025)**

This is to notify to all concerned bidders as per Section 27(2) & 47 of PPA 2063 that, it is our intension to award the following contract as per IFB notice published on 2082/06/27 (13th Oct. 2025) on Janakpur Today National Daily to the following bidder who is selected as substantially responsive lowest evaluated bidder.

| Contract ID No. | Name of work | Substantially Responsive Lowest Evaluated Bidder | Bid Amount (Exclusive of VAT) NRs. |
|---|---|---|---|
| NP-MOALD-515483-GO-RFB-DHANUSHA- YR2 | Procurement of Wheat Seeds | Shree Mahabir Agrovets & General Order Suppliers, Siraha-01, Siraha | 5701500/- |

**Senior Agriculture Officer**

# ढाकामा सुरक्षा कडा, शेख हसिना विरुद्धको मुद्दाको फैसला अघि देशभर तनाब

एएनआई

ढाका । बङ्गलादेश अन्तर्राष्ट्रिय अपराध न्यायाधिकरण (आइसिटी) ले पूर्वप्रधानमन्त्री शेख हसिनाविरुद्ध दायर मुद्दामा फैसला सुनाउन तयारी गरिरहेकै बेला देशभर सुरक्षा व्यवस्था कडा पारिएको छ।



यो मुद्दा सन् २०२४ जुलाई-अगस्टमा विद्यार्थी नेतृत्वमा भएको विरोध प्रदर्शनका क्रममा मानवता विरुद्धका कथित अपराधसँग सम्बन्धित छ । हसिनाले भने आफूमाथि लागेको सम्पूर्ण आरोप अस्वीकार गरिरहनुभएको छ।फैसला आउनुअघि नै देशको राजनीतिक वातावरण तनावपूर्ण बनेको छ। शेख हसिना नेतृत्वको बङ्गलादेश अवामी लिगले आइतबार बिहानदेखि देशभर दुई दिने बन्दको घोषणा गरेपछि सामान्य जनजीवन प्रभावित बनेको छ । राजधानी ढाकामा ट्राफिक अत्यन्तै कम देखिएको छ भने केही क्षेत्रमा पटाखा विस्फोट भएको रिपोर्टसमेत आएको छ।

आगामी आम चुनावले देशमा स्थिरता पुनःस्थापना गर्ने आशामा व्यवसायी तथा उद्योगीहरूले राजनीतिक अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गरेका छन्। बङ्गलादेश गार्मेन्ट म्यानुफ्याक्चरर्स एन्ड एक्सपोर्टर्स एसोसिएसन (बिजिएमइए) का पूर्वअध्यक्ष काजी मोनिरुज्जमानले परिस्थितिलाई अत्यन्तै असहज भन्नुभएको छ ।उहाँले भन्नुभयो, "हामी निकै चिन्तित छौं । आशा छ, स्वतन्त्र र निष्पक्ष निर्वाचन हुनेछ, जनता शान्तिपूर्वक मतदान गर्न पाउनेछन् र निर्वाचित सरकारले अहिले निकै कमजोर बनेको व्यापार, सामाजिक समस्या तथा कानून-व्यवस्थालाई सुधार गर्नेछ।"

उहाँले सन् १९७१ को मुक्ति युद्धका एक स्वतन्त्रता सेनानीका रूपमा जनतालाई परेको असुविधाप्रति दुःख व्यक्त गर्दै भन्नुभयो, "गत वर्ष अत्यन्त कठिन रह्यो। सन् २०२६ को निर्वाचनले देशलाई नयाँ आशा दिने अपेक्षा छ। हाम्रो सार्वभौमिकताको रक्षा गर्दै सबै छिमेकी राष्ट्रसँग सन्तुलित र मधुर सम्बन्ध राख्नु आवश्यक छ। यस क्षेत्रको शान्तिका लागि सबैले एकताबद्ध हुनुपर्छ।"

भारतसँगको सम्बन्धलाई लिएर पनि मोनिरुज्जमानले विशेष जोड दिँदै भन्नुभयो, "भारतले सन् १९७१ मा हामीलाई अमूल्य सहयोग गरेको थियो । स्वतन्त्रता सेनानीका रूपमा मैले त्यहाँ प्रशिक्षणसमेत पाएको हुँ। हाम्रो स्वतन्त्रता र सार्वभौमसत्तालाई सम्मान गर्दै भारतसँग सुदृढ सम्बन्ध कायम राख्नु आवश्यक छ। ठूलो छिमेकीका हैसियतले भारतले हाम्रो भावनाको सम्मान गर्नेछ भन्ने आशा छ।"

गार्मेन्ट उद्योगबारे उहाँले भन्नुभयो, "यो उद्योग हाम्रो देशको गर्व हो। धेरै वर्षदेखि यसको योगदान उच्च छ, तर अहिलेको अस्थिरताले यसलाई जोखिममा पारेको छ। कुनै पनि अशान्तिले उद्योगलाई हानि पुऱ्याउन सक्छ र विदेशी क्रेताहरूले विश्वास गुमाउन सक्छन् । अधिकांश विदेशी मुद्रा यही क्षेत्रबाट कमाइन्छ र विशेषगरी महिलाहरूको ठूलो रोजगारको स्रोत यही उद्योग हो। यदि उद्योग असुरक्षित बन्यो भने सामाजिक अशान्ति र आर्थिक सङ्कट थपिन सक्छ ।"अल्पसङ्ख्यकको प्रसङ्गमा उहाँले भन्नुभयो, "मानवका रूपमा म कुनै धार्मिक विभाजनमा विश्वास गर्दिनँ । हामी सबै पहिले बङ्गलादेशी हौँ, अनि मात्र विभिन्न धर्मका अनुयायी।"

यसैबीच, मुहम्मद युनुस नेतृत्वको अन्तरिम सरकारले अवामी लिग तथा यसको सम्बद्ध सङ्गठनहरूको गतिविधिमा प्रतिबन्ध लगाएदेखि पार्टी नेताहरूले अज्ञात स्थानबाट अनलाइनमार्फत कार्यक्रमहरूको घोषणा तथा प्रचार-प्रसार गरिरहेका छन् ।सन् २०२४ जुलाईको विद्यार्थी नेतृत्वको आन्दोलनपछि शेख हसिनाको सरकार अपदस्थ भएको थियो।

सन् २०२४ अगस्ट ५ मा उहाँ भारत प्रस्थान गर्नुभएको थियो र त्यसपछि मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको थियो।

संयुक्त राष्ट्रसङ्घको एक प्रतिवेदनअनुसार सोही महिनामा भएको हिंसात्मक प्रदर्शनमा करिब एक हजार ४०० जनाको मृत्यु भएको हुनसक्ने उल्लेख छ ।शेख हसिनाको नेतृत्वमा नै सन् १९७१ को मुक्ति युद्धमा भएका अपराधको मुद्दा चलाउन अन्तर र्राष्ट्रिय अपराध न्यायाधिकरण स्थापना गरिएको थियो। सोही ट्रिब्युनलले उहाँको कार्यकालमा जमात-ए-इस्लामीका धेरै नेतामाथि युद्ध अपराधका मुद्दा दायर गरेको थियो।

# आज देखि नेपाल प्रिमियर लिग सुरु हुने

**टुडे समाचारदाता**

काठमाण्डु ।दोस्रो संस्करणको सिद्धार्थ बैंक नेपाल प्रिमियर लिग (एनपिएल) सोमबारदेखि कीर्तिपुरस्थित त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सुरू हुँदैछ। आठ फ्रेञ्चाइज टोलीले भाग लिने प्रतियोगिताका खेलहरू यसपटकदेखि फ्लडलाइटमा हुनेछन्। फ्लडलाइटमा हुने खेल दिउँसो ४ बजे सुरु हुनेछन्। दिउँस हुने खेल पौने १२ बजे हुनेछन्। ३२ खेलमध्ये २३ खेल राति साँझमा हुने तय छ । मंसिर एक गते हुने उद्धाटन खेलमा साविक विजेता जनकपुर बोल्ट् र काठमान्डु गोर्खाजबीच दिउँसो चार बजे भिड्नेछन्।




लिगको अन्तिम तयारी पूरा भएको छ भने फ्रेञ्चाइज टोलीले विदेशी खेलाडी भित्र्याउन प्रक्रिया लगभग सकेका छन्। एक टोलीमा ११ नेपाली खेलाडी हुनेछन्। जसमा एक जना आइकोनिक खेलाडी हुनेछन्। यस्तै टोलीले कम्तिमा ४ र बढीमा ६ जना विदेशी खेलाडी राख्न पार्नेछन्। हो हिसाबले एनपिएलमा कम्तिमा १२० र बढीमा १३६ जना खेलाडी सहभागी हुनेछन्।

### १. विराटनगर किंग्स

विराटनगर किंग्सका कप्तान सन्दीप लामिछाने हुन्। यस टोलीमा रहेका खेलाडीहरूमा सन्दीप लामिछाने (कप्तान), बसिर अहमद, लोकेश बम (विकेटकिपर), सुवास भण्डारी, नरेन भट्ट, मार्चेन्ट डी लाङ, फाप डु प्लेसिस, मार्टिन गप्टिल, प्रतीश जीसी, साम हेजलेट, नारायण जोशी, श्रावण किस्कु, जर्ज मुन्से, आयुष न्यौपाने, साहिल पटेल (विकेटकिपर), शङ्कर राना, शुभम रञ्जने र सूर्य तामाङ छन्।

### २. जनकपुर बोल्ट्स

जनकपुर बोल्ट्सका कप्तान अनिल साह (विकेटकिपर) हुन्। टोलीमा अनिल साह (कप्तान/विकेटकिपर), विकास आग्री, सचिन भट्ट, शुभ कंसाकार, सञ्जय कृष्णमूर्ति, निकोल लोफ्टी-ईटन, आदित्य महाता, किशोर महतो, लाहिरु मिलन्था (विकेटकिपर), वायन पार्नेल, ललित राजवंशी, लाहिरु समरकून, आसिफ शेख (विकेटकिपर), रुपेश सिंह, इमरान ताहिर र मयन यादव छन्।

### ३. चितवन राइनोज

चितवन राइनोजको कप्तानी कुशल मल्लले गर्नेछन्। यस टोलीमा कुशल मल्ल (कप्तान), विपिन आचार्य, कमल सिंह ऐरी, दीपक बोहरा, रवि बोपारा, रिजन ढकाल, सौगात ढकाल, गौतम केसी, देव खनाल, रञ्जित कुमार, डेविड मलान, अल्पेश रामजानी, अमरसिं रटेउला, विपिन रावल (विकेटकिपर), अर्जुन साउद (विकेटकिपर), सोहेल तनवीर र सैफ जैब समावेश छन्।

### ४. काठमाडौं गोर्खाज

काठमाडौं गोर्खाजका कप्तान करण केसी हुन्। टोलीमा करण केसी (कप्तान), मोहम्मद आदिल आलम, शाहब आलम, बेन चार्ल्सवर्थ, गेरहार्ड इरासमस, दीपेश कँडेल, मिलिन्द कुमार, राशिद खान, उत्तम मगर (विकेटकिपर), सन्नी पटेल, नटराजन शाह, भीम शर्की, जोन सिम्पसन (विकेटकिपर), प्रतीक श्रेष्ठ, आकाश त्रिपाठी, तुल बहादुर थापा, रिकार्डो भास्कोनसेलोस (विकेटकिपर), र सन्तोष यादव समावेश छन्।

### ५. पोखरा एभेन्जर्स

पोखरा एभेन्जर्सको कप्तानी कुशल भुर्तेलले गर्नेछन्। टोलीका खेलाडीहरूमा कुशल भुर्तेल (कप्तान), आकाश चन्द, सन्दीप क्षेत्री, त्रित राज दास, डान डाउथवेट, सागर ढकाल, दिनेश खरेल, विपिन खत्री, अर्जुन कुमाल, जेम्स नीशम, कृष्ण पौडेल, रेमन राइफर, एडम रोसिङ्टन (विकेटकिपर), जेसन रोय, किरण ठगुन्ना र अभिषेक तिवारी छन्।

### ६. लुम्बिनी लायन्स

लुम्बिनी लायन्सको कप्तानको जिम्मेवारी रोहित पौडेलले सम्हालेका छन्। यस टोलीमा रोहित पौडेल (कप्तान), दिनेश अधिकारी, समीर अली, तिलक भण्डारी, थोमस ड्राका, अभिषेश गौतम, दुर्गेश गुप्ता, सन्दीप जोरा, आदिल खान, सुमित महर्जन, शेर मल्ल, गुलबदीन नाइब, दिलीप नाथ (विकेटकिपर), विशाल पटेल, डार्सी सर्ट, जेजे स्मिथ र रुबेन ट्रम्पलम्यान छन्।

### ७. कर्णाली याक्स

कर्णाली याक्सको नेतृत्व सोमपाल कामीले गर्नेछन्। खेलाडीहरूमा सोमपाल कामी (कप्तान), विल बोसिस्टो, दीपक डुम्रे (विकेटकिपर), अर्जुन घर्ती (विकेटकिपर), गुलसन झा, युवराज खत्री, जयकिशन कोलसावाला (विकेटकिपर), म्याक्स ओ'डाउड, प्रियांक पञ्चाल, दीपेन्द्र रावत, पवन सर्राफ, विपिन शर्मा, इमरान शेख, युनिश ठकुरी, मार्क वाट, नन्दन यादव, र नाजिबउल्लाह जद्रान रहेका छन्।

### ८. सुदूरपश्चिम रोयल्स

सुदूरपश्चिम रोयल्सको नेतृत्व दीपेन्द्र सिह ऐरीले गर्नेछन् । यस टोलीमा दीपेन्द्र सिंह ऐरी (कप्तान), विनोद भण्डारी (विकेटकिपर), अविनाश बोहरा, दीपक बोहरा (विकेटकिपर), मिलन बोहरा, जोश ब्राउन, हेमन्त धामी, स्कट कुगेइलिन, क्रिस लिन, हिम्मत महरा, ईशान पाण्डे, टेक रावत (विकेटकिपर), नरेन साउद, हर्मीत सिंह, आरिफ शेख,र दीपेन्द्र थापा (विकेटकिपर) रहेका छन्।

# कोलम्बियामा विद्रोही विरुद्धको हवाई आक्रमणमा सात नाबालिगको मृत्यु

एपी

बोगोटा। राष्ट्रपति गुस्ताभो पेट्रोको प्रशासनले ग्वाभियरे प्रान्तमा विद्रोही समूहसँग खोसिएको क्षेत्र पुनः नियन्त्रणमा लिन प्रयास गरिरहेको अवस्थामा यस हप्ताको सुरुमा भएको विवादास्पद हवाई आक्रमणमा सात नाबालिगको मृत्यु भएको कोलम्बियाका मानव अधिकार लोकपाल आइरिस मारिनले शनिबार बताउनुभएको छ।

एक सार्वजनिक बयानमार्फत मारिनले फार्क-इएमसी विद्रोही समूहका लडाकूहरूले नाबालिगहरूलाई जबरजस्ती भर्ती गरी 'मानव ढाल' का रूपमा प्रयोग गरिरहेको दाबी गर्नुभयो। उहाँले कोलम्बिया सरकार तथा सबै विद्रोही समूहहरूलाई अन्तर्राष्ट्रिय मानवीय कानूनको सम्मान गर्न आग्रह गर्दै हवाई आक्रमणमा पर्छ।"यसअघि, कोलम्बियाका रक्षामन्त्री पेड्रो सान्चेजले अपराधी समूहहरूलाई नाबालिगहरूको जीवनलाई जोखिममा पारेको आरोप लगाउँदै 'जो कोही शत्रुतामा संलग्न हुन्छ, उसले कुनै भेदभावबिना सुरक्षा गुमाउँछ" भन्ने टिप्पणी गर्नुभएको थियो।

कोलम्बियामा हवाई आक्रमणमा बालबालिकाको मृत्यु एक संवेदनशील मुद्दा मानिन्छ। विशेषगरी सन् २०१९ मा कक्वेटा प्रान्तमा आठ बालबालिकाको मृत्यु लुकाइएको फेला परेपछि तत्कालीन रक्षामन्त्रीले राजीनामा दिनु परेको प्रसङ्ग अझै ताजा छ।

कोलम्बियाली सेनाको अनुसार ग्वाभियरेमा मङ्गलबार गरिएको हवाई आक्रमणमा छ नाबालिगसहित कम्तीमा १९ जना लडाकू मारिएका छन्।

राष्ट्रपति पेट्रोले शनिबार



मारिएका नाबालिगहरूको प्रारम्भिक सङ्ख्या छ रहेको भए पनि फरेन्सिक मेडिसिन इन्स्टिच्युटको अद्यावधिक विवरणपछि मृतक सङ्ख्या सात पुगेको बताउनुभयो।

"भर्ती गरिएका कुनै पनि बालबालिकालाई सैन्य कार्यवाहीबाट प्रभावित हुन दिनु हुँदैन", मारिनले जोड दिँदै भन्नुभयो, "सशस्त्र बलहरूले युद्धमा सहभागी हुन बाध्य गरिएका नाबालिगहरूको सुरक्षाका लागि विशेष सावधानी अपनाउनै एक सार्वजनिक सन्देशमा हवाई आक्रमणको आदेश दिनुको कारण स्पष्ट पार्दै विद्रोही टोली कोलम्बियाली सेनाको सानो समूहमाथि हमला गर्न नजिकिँदै थियो भन्ने जानकारी आफूलाई प्राप्त भएकाले निर्णय लिन बाध्य भएको बताउनुभयो।

उहाँले लेख्नुभयो, "कुनै पनि व्यक्तिको मृत्यु दुःखद छ, विशेषगरी नाबालिगको। तर मैले सैनिकहरूको जीवन बचाउन जोखिम लिएँ।

# गाजाको शान्ति प्रकरणमा पुटिन-नेतान्याहुबीच छलफल

एएनआई

मस्को ।रुसी राष्ट्रपति भ्लादिमिर पुटिन र इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुबीच गाजा तथा मध्यपूर्वको जटिल अवस्थाबारे टेलिफोनमार्फत विस्तृत छलफल भएको छ।



क्रेमलिनले जारी गरेको विज्ञप्तिअनुसार युद्धविराम कार्यान्वयन, हिरासतमा रहेका व्यक्तिहरूको आदान-प्रदान, इरानको आणविक कार्यक्रमसँग जोडिएको वर्तमान परिवेश तथा सिरियामा थप स्थिरता कायम गर्ने विषयमा दुवै नेताबीच गम्भीर विचार-विमर्श भएको उल्लेख गरिएको छ। रूसी राज्य मिडियाका अनुसार उक्त फोन वार्ता शनिबार सम्पन्न भएको थियो ।यस वर्ष अक्टोबर ६ मा इजरायल र हमासका प्रतिनिधिमण्डलहरूले गाजामा जारी द्वन्द्व समाधानका लागि अप्रत्यक्ष वार्ता पुनः सुरु गरेका थिए । वार्तामा इजिप्ट, कतार, संयुक्त राज्य अमेरिका र टर्की मध्यस्थकर्ताको भूमिकामा थिए।

त्यसपछि अक्टोबर ९ मा दुवै पक्षले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अघि सार्नुभएको शान्ति योजनाको पहिलो चरण कार्यान्वयन गर्ने सम्झौतामा हस्ताक्षर गरेका थिए । सोही योजनाअनुसार अक्टोबर १० देखि गाजामा युद्धविराम लागू भएको थियो । सम्झौताले गाजाको पुनर्निर्माण तथा हमासबिना नयाँ शासन संयन्त्र निर्माण गर्ने अवधारणा समेटेको छ।

गाजाका लागि राष्ट्रपति ट्रम्पको योजनालाई समर्थन गर्न संयुक्त राष्ट्र सुरक्षा परिषद्ले प्रस्ताव तयारी गरेको छ । प्रस्तावमाथि यही नोभेम्बर १७ मा मतदान हुने बताइएको छ । टाइम्स अफ इजरायलका अनुसार प्रस्तावको मस्यौदाले अमेरिकी राष्ट्रपति ट्रम्पको २०-बुँदे योजनालाई पूर्णरूपमा समावेश गरेको छ। उक्त योजनालाई प्रधानमन्त्री नेतान्याहुले सेप्टेम्बरमा अमेरिकी राष्ट्रपतिसँगको संयुक्त पत्रकार सम्मेलनमा समर्थन गर्नुभएको थियो।

अमेरिकी मस्यौदाले सदस्य राष्ट्रहरूलाई 'अस्थायी अन्तर्राष्ट्रिय स्थायित्वकरण बल' स्थापना गर्न अधिकार दिनेछ, जसको जनादेश सन् २०२७ सम्म रहने सङ्केत गरिएको छ । यस बलको प्रमुख जिम्मेवारीमा नागरिक सुरक्षा, मानवीय कोरिडोरको सुरक्षा, गैर-राज्य सशस्त्र समूहहरूबाट हतियार विस्थापन तथा प्रशिक्षित प्यालेस्टिनी प्रहरी बलसँग समन्वय गरी काम गर्ने समावेश छ। अमेरिकी मस्यौदा अनुसार उक्त स्थायित्वकरण बलले इजरायल, इजिप्ट र नयाँ प्यालेस्टिनी प्रहरीसँग संयुक्त रूपमा कार्यसमन्वय गर्नेछ। बल गठनमा रुचि देखाउने देशहरूले संयुक्त राष्ट्रसङ्घको औपचारिक प्रस्ताव आवश्यक पर्ने बताएका छन्।

यसबीच, संयुक्त राष्ट्रसङ्घका लागि रूसी स्थायी मिसनका अनुसार गाजामा दिगो शान्ति सुनिश्चित गर्न रुसले अमेरिकी प्रस्तावलाई वैकल्पिक मस्यौदा प्रस्तुत गर्नुपर्ने आवश्यक महसुस गरेको छ । रूसी प्राविधिक प्रस्तावले संयुक्त राष्ट्रसङ्घका महासचिवलाई अमेरिकी योजनाका सान्दर्भिक प्रावधानहरूको सम्भावित कार्यान्वयनका विकल्पहरू सहित सुरक्षा परिषद्मा प्रतिवेदन पेश गर्न आह्वान गरेको छ ।रूसी स्थायी मिसनका अनुसार संयुक्त राष्ट्र सुरक्षा परिषद्का प्रस्तावहरूले अन्तर्राष्ट्रिय कानूनी ढाँचालाई प्रतिबिम्बित गर्नुपर्ने र इजरायल-प्यालेस्टाइन द्वन्द्व समाधानका लागि विश्वव्यापी रूपमा स्वीकृत दुई-राज्य सिद्धान्तलाई पुनः पुष्टि गर्नुपर्ने अपेक्षा गरिन्छ।

तर अमेरिकी मस्यौदामा यस्ता आधारभूत तत्वहरूलाई पर्याप्त सम्मान नदिइएको भन्दै रुसले दिगो शान्तिका लागि वैकल्पिक प्रस्ताव तयार पार्न बाध्य भएको जनाएको छ । रूसी समाचार एजेन्सी तासका अनुसार मस्कोले प्रस्तुत गरेको वैकल्पिक मस्यौदाले गाजा पट्टीमा दीर्घकालीन समाधानका लागि अन्तर्राष्ट्रिय प्रक्रियालाई सुदृढ गर्ने उद्देश्य राखेको छ।


## सिद्धार्थ बैंक लिमिटेड, शाखा कार्यालय जनकपुर, धनुषाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति २०८२/०८/०१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिंदा गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको लेना रकम नबुझाई ऋण लिंदा गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवं लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी ऋण दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी लगायत सम्बद्ध सबै पक्षलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितो जमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो जहाँ जो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैंकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिने, कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने एवम् ऋणी तथा सम्बद्ध पक्षहरुलाई नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै नेपाल राष्ट्र बैंकद्वारा बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरिएको एकिकृत निर्देशिकाको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

**तपसिल**

| ऋणीको विवरण | |
|---|---|
| लक्ष्मी यादवको नाति, उमेश कुमार यादवको छोरा, धनुषा जिल्ला, धनुषा गोबिन्दपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बस्ने **सुनिल कुमार यादव** (ना.प्र.नं. २६३२२३७४, जारी मिति २०५०/०३/१३, जि.प्र.का. धनुषा) । | |
| **व्यक्तिगत जमानीकर्ताको विवरण** | |
| १. जनक यादवको नाति, लक्ष्मी यादवको छोरा, धनुषा जिल्ला, साविक ध. गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बस्ने **उमेश कुमार यादव** (ना.प्र.नं. १७४३१८१५८१, जारी मिति २०३३/०३/०४, जि.प्र.का. धनुषा) । | २. लक्ष्मी यादवको बुहारी, उमेश कुमार यादवको पत्नी, धनुषा जिल्ला, साविक धनुषा गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बस्ने **राम कुमारी देवी** (ना.प्र.नं. १५९, जारी मिति २०४६/१०/१२, जि.प्र.का. धनुषा) । |
| ३. उमेश कुमार यादवको बुहारी, सुनिल कुमार यादवको पत्नी, धनुषा जिल्ला, साविक गोविन्दपुर गा.वि.स./न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल धनुषा जिल्ला, धनुषाधाम न.पा. वडा नं. २ बस्ने **मनिषा कुमारी यादव** (ना.प्र.नं. १७३०४७/१०, जारी मिति २०६३/१०/०१, जि.प्र.का. धनुषा) । | |
| **धितोको विवरण** | |
| उमेश कुमार यादव (ना.प्र.नं. १७४३१८१५८१, जारी मिति २०३३/०३/०४, जि.प्र.का. धनुषा) को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला, साविक कजरामौल वडा नं. ८ नक्सा सिट नं. ८ क स्थित कि.नं. १०३, ९२१ र ९१८ को क्षेत्रफल क्रमशः ०-०-१९-०, ०-६-१०-० र ०-१०-९-० (विगाहा) बमोजिमको जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत । | |

Siddhartha Bank

शाखा कार्यालय : जनकपुर, धनुषा
फोन नं. ०४१-५९०८७१
Website : www.siddharthabank.com


# अमेरिकाद्वारा बी-६१-१२ आणविक बमको सफल उडान परीक्षण सम्पन्न

एएनआई

वासिङ्टन ।संयुक्त राज्य अमेरिकाले आफ्नो अत्याधुनिक बी-६१-१२ आणविक गुरुत्वाकर्षण बमको स्टेल्थ एफ-३५ए लडाकू विमानमार्फत गरिने भण्डार उडान परीक्षणहरूको महत्त्वपूर्ण शृङ्खला सफलतापूर्वक सम्पन्न गरेको छ।

अमेरिकी ऊर्जा मन्त्रालयअन्तर्गत स्यान्डिया राष्ट्रिय प्रयोगशालाले बिहीबार जारी गरेको विवरणमा युटाको हिल एयर फोर्स बेसको समन्वयमा नेभाडास्थित टोनोपा टेस्ट रेन्जमा गत अगस्ट १९ देखि २१ सम्म परीक्षण गरिएको उल्लेख गरिएको छ।

स्यान्डियाले जारी गरेको रिपोर्टअनुसार परीक्षणमा प्रयोग गरिएका बी-६१-१२ का निष्क्रिय एकाइहरू एफ-३५ए बाट सफलतापूर्वक निष्कासन गरिएको पाइएको छ। यसले विमान, चालक दल तथा हतियार प्रणालीको अन्तिम-देखि-अन्तिम सञ्चालन क्षमता पुष्टि गर्छ। अमेरिकी नेसनल न्युक्लियर सेक्युरिटी एडमिनिस्ट्रेशन (एनएनएसए) ले स्यान्डियासँगको सहकार्यमा यस वर्ष एफ-३५ प्लेटफर्ममा संयुक्त परीक्षण एसेम्बलीहरू प्रयोग गरी गरिएको एकमात्र बी-६१-१२ स्टकपाइल उडान परीक्षणका रूपमा यसलाई वर्णन गरेको छ।

उक्त उडान परीक्षणहरूले हतियार तथा त्यसको डेलिभरी प्लेटफर्मको परिचालन तयारी मूल्याङ्कन गर्न महत्त्वपूर्ण चरणको प्रतिनिधित्व गर्छ । विकासपछि अमेरिकी आणविक भण्डारको प्रमुख भाग बनेको बी-६१-१२ लामो समयदेखि चलिरहेको बहुवर्षीय जीवन विस्तार कार्यक्रम एनएनएसएले सन् २०२४ को अन्त्यमा पूरा गरेपछि यसको सेवा अवधि कम्तीमा २० वर्षले बढाइएको छ । सफल परीक्षणले एफ-३५ जस्ता उन्नत स्टेल्थ लडाकू विमानसँग बमको पूर्ण अनुकूलता सुनिश्चित गर्दै भविष्यका आणविक मिसनहरूका लागि यसको विश्वसनीयता पुनः प्रमाणित गर्दछ।

जीवन विस्तार कार्यक्रमले बी-६१ हतियार भण्डारमा पहिचान गरिएका सबै उमेर-सम्बन्धी समस्याहरू समाधान गरेको, इन्क्रिप्सन प्रविधि अद्यावधिक गरेको, हतियारको सुरक्षा तथा नियन्त्रण प्रणाली आधुनिकीकरण गरेको र भविष्यमा विकसित हुने नयाँ विमान प्लेटफर्मसँग मिलानयोग्य बनाउने आधार तयार गरेको बताइएको छ। नवीकरण गरिएको बी-६१-१२ को पूर्ण-स्तर उत्पादन यस वर्ष मे महिनादेखि सुरु भइसकेको छ र सन् २०२६ मा पूरा हुने अपेक्षा गरिएको छ।

# व्यावसायिक खेतीको नयाँ सम्भावना उजागर

फुङ्लिङ । यहाँको फक्ताङलुङ गाउँपालिका-६ अन्तर्गतका हिमाली बस्ती घुन्सा र फलेटारमा स्याउखेतीको परीक्षण सफल भएको छ । स्थानीय किसान र विभिन्न संस्थाहरूले परीक्षणका रूपमा रोपेका स्याउ बिरुवाले फल दिँदा उत्साह बढेको छ ।

विश्वको तेस्रो तथा नेपालको दोस्रो अग्लो शिखर कञ्चनजङ्घा आधार शिविर प्रवेशद्वारमा अवस्थित फले र घुन्सामा इटालीबाट ल्याइएका बिरुवा रोपिएको थियो । रोपेको छ महिनामै स्याउ फल्न थालेपछि स्थानीय आशावादी बनेका छन् । हिमाली भूभागमा स्याउखेतीको यो सफल प्रयासले ताप्लेजुङमात्र होइन, सम्पूर्ण पूर्वी हिमाली क्षेत्रका किसानका लागि व्यावसायिक स्याउखेतीको नयाँ सम्भावना देखाएको छ ।

फलेटार र ग्याप्ला क्षेत्रमा विगतदेखि नै स्याउखेती हुँदै आएको भए पनि घुन्सामा पहिलोपटक परीक्षण गरिएको हो । मनाङ एग्रो फार्मको समन्वयमा इटालीबाट ल्याइएका ‘फुजी’ र ‘ गोल्डेन डेलिसियस’ प्रजातिका स्याउका बिरुवा रोपिएको थियो । पुतली सहयोग योजना, स्वीट्जरल्याण्डको टोली र स्थानीय समुदायको साझेदारी तथा पुतली सहयोग आयोजनाको सहकार्यमा दिगो पर्यावरणीय कृषि प्रणाली कार्यक्रमअन्तर्गत फलेटार र घुन्सामा दुईदुई रोपनी क्षेत्रफलमा नमूना स्याउ बगैँचा विस्तार गरिएको छ । पुतली सहयोग योजनाका जिल्ला संयोजक दावाछिरिङ शेर्पाका अनुसार परियोजनाको उद्देश्य स्याउ उत्पादनसँगै अन्य कृषि उपजमार्फत किसानलाई आर्थिक रूपमा सशक्त बनाउनु रहेको छ ।

घुन्साका स्थानीय नुपुडुण्डुक शेर्पा अहिले आफ्नै स्याउ बगैँचा विस्तार गर्ने योजनामा हुनुहुन्छ । उहाँले भन्नुभयो, “हामीले घुन्सामा र फलेमा रोपिएको स्याउ खायौँ । मीठो स्वादको स्याउ फल्यो । अब घुन्सा क्षेत्रमा स्याउखेती गर्ने योजनामा छौँ ।” घुन्सामा उत्पादन भएको स्याउ सफल परीक्षण भएसँगै थप आम्दानीको स्रोत बढ्ने भन्दै स्थानीयवासी उत्साहित भएको शेर्पाले बताउनुभयो ।

घुन्सास्थित नमूना बगैँचामा ६० जापानिज फुजी (पोथी), १० गोल्डेन डेलिसियस (भाले) र १० काला (भाले) प्रजातिका स्याउका बिरुवा रहेको छ । रासस

# नेपाल टोस्टमास्टर्सको सम्मेलन साइटेसन २०२५ सम्पन्न

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल टोस्टमास्टर्सको वार्षिक सम्मेलन साइटेसन २०२५ शनिबार काठमाडौंको बेस्ट वेस्टर्न प्लस होटेलमा सम्पन्न भएको छ । सम्मेलनमा नेपालभरबाट विभिन्न व्यवसायी, पेशाकर्मी, व्यापारिक प्रतिष्ठानका कर्मचारी, विद्यार्थी र शिक्षक लगायत लगभग ३०० जना टोस्टमास्टर्स सदस्यहरूको उपस्थिति थियो ।

सम्मेलनमा अन्तराष्ट्रिय ख्यातिप्राप्त वक्ता तथा लेखक मिहिर कोल्थरकरले किनोट वक्तव्य प्रस्तुत गरेका थिए । विगत दुइ दशक देखि विभिन्न मुलुकहरूमा २५०० भन्दा बढी तालिम तथा कार्यशाला सञ्चालन गरिसकेका मिहिरले सम्मेलनमा उपस्थितलाई अन्तरक्रियात्मक तरिकाले नेतृत्व विकास सम्बन्धी व्यहारिक ज्ञान बाट उत्प्रेरित गरेका थिए ।



साइटेसनको एक प्रमुख आकर्षणका रूपमा कम्युनिकेटर अवार्ड रहेको थियो । सञ्चारको क्षेत्रमा उत्कककष्टता हासिल गरेका गैरटोस्टमास्टर्सलाई प्रत्येक वर्ष प्रदान गरिने यो पुरस्कार यस वर्ष पत्रकारिता र आमसञ्चारमार्फत निष्पक्ष र नैतिक सञ्चारको प्रवर्द्धनमा उल्लेख्य भूमिका खेलेवापत सञ्चारकर्मी टिकाराम यात्रीलाई प्रदान गरिएको थियो । पुरस्कार ग्रहण गर्दै यात्रीले प्रभावकारी सञ्चारका लागि सुझबुझपूर्ण शब्द चयनको महत्व प्रकाश पार्दै पुरस्कारले आफूमा जिम्मेवार पत्रकारिता प्रति थप दायित्वबोध भएको बताएका थिए ।

सम्मेलनमा नेपाली टोस्टमास्टर्सका अग्रणी एवं नेपालमा टोस्टमास्टर्सका शुरूवातकर्ता मध्येका एक रहेका डिस्टिंगुइस्ड टोस्टमास्टर रविन लामाले हास्यपूर्ण तरिकाले प्रेरक मन्तव्य प्रस्तुत गरेका थिए । सम्मेलनमा उपस्थितको व्यवहारिक ज्ञानका लागि उत्कृष्ट टोस्टमास्टर्सहरूबाट मुल्यांकन मन्तव्य र टलटेल (अतिरञ्जनामा आधारित मन्तव्य) को मञ्चन गरिएको थियो ।

साइटेसनमा नेपाल सम्मिलित टोस्टमास्टर्सको डिस्ट्रिक्ट ४१ का प्रोग्राम क्वालिटि डिरेक्टर श्वेतांक शर्मा, क्लब ग्रोथ डिरेक्टर दीप्ती क्षेत्री आचार्य, प्रशासनिक म्यानेजर युडेन कोइराला, वित्त म्यानेजर अकिंत गोएन्का, निवर्तमान डिस्ट्रिक्ट डिरेक्टर मुन प्रधान र नेपाल एक्सपान्सन चेयर रन्जित आचार्य लगायतका पदाधिकारीहरूको उपस्थिति रहेको थियो भने नेपाल टोस्टमास्टर्स कन्ट्रि अफिसका संयोजक दिपेश चालिसेले सम्मेलनको अध्यक्षता गरेका थिए ।

टोस्टमास्टर्स इन्टरनेशनल संसारभर रहेका क्लबहरूको माध्यमबाट सदस्यहरूको सञ्चार र नेतृत्व क्षमता विकासका लागि स्थापना भएको एक गैर नाफामूलक संस्था हो । सन् १९२४ मा स्थापित भइ संयुक्त राज्य अमेरिकाको कोलोराडोमा मुख्य कार्यालय रहेको यस संस्थाको हाल १४९ देशहरूमा १३,८०० भन्दा बढी क्लबमा २,६५,००० भन्दा बढी सदस्य रहेका छन् । टेस्मास्टर्सले विविध पृष्ठभूमिका व्यक्तिहरूमा आम सञ्चार र नेतृत्वको क्षेत्रमा आत्मविश्वासको विकास गर्न महत्वपूर्ण योगदान पुर्याइरहेको छ ।

नेपालमा सन् १९९२ मा सुरू भएको टोस्टमास्टर्स हाल देशभर विभिन्न शहरहरूमा ६८ वटा क्लब र १,४०० भन्दा बढी सदस्यसम्म फैलिएको छ । व्यापारिक प्रतिष्ठानका व्यवस्थापक तथा कर्मचारी, विद्यार्थी, शिक्षक, उद्यमी, बैंकर, स्वास्थ्यकर्मी, इन्जिनियर जस्ता विविध क्षेत्र तथा उमेर समूहका व्यक्तिहरू हाल टोस्टमास्टर्समा सहभागि छन् । नेपालका क्लबहरू डिभिजन ए, बि, सि र डि अन्तर्गत उत्तर भारतसमेत समावेश रहेको डिस्ट्रिक्ट ४१ मा संलग्न रहेका छन् ।


# ‘पकेट’ क्षेत्रमै सुन्तलाका बोट सुकेपछि ...

पर्वत । सुन्तलाखेतीका लागि पकेट क्षेत्रका रूपमा विकास गरिएको पर्वतको मोदी गाउँपालिका-२ देउपुरमा सुन्तलाका बोट धमाधम सुक्न थालेका छन् । पछिल्ला केही वर्षयता जलवायु परिवर्तनको असरसँगै तापक्रम वृद्धि र विभिन्न रोगकीराको सङ्क्रमणपछि सुन्तलाका बोट मर्न थालेका हुन् । धान, कोदो, मकैजस्ता मुख्य बाली छाडेर सुन्तला रोपेका यहाँका किसान अहिले वैकल्पिक खेती गर्न थालेका छन् । उनीहरूले सुन्तलाको विकल्पमा केरा, कफी, अम्बा, अदुवा, बेसार र कोदोखेती गर्न थालेका हुन् ।

कुनै समय जिल्लामै सबैभन्दा बढी पाँच सय बोट सुन्तला लगाएर मनग्गे कमाइ गर्ने स्थानीय ७३ वर्षीय टीकाराम जैसी अहिले सुन्तलाखेतीबाट विस्थापित हुनुभएको छ । उहाँले अहिले मौरीपालन र अदुवा, बेसारखेती गर्नुभएको छ । सुन्तला बगान अहिले सुकेका बोट र झाडीले भरिएको छ ।सबै बोट सुकिसकेपछि उहाँले मोदी गाउँपालिका र कृषि ज्ञान केन्द्रका प्राविधिकलाई समस्या पत्ता लगाइदिन अनुरोध गर्नुभयो । काठमाडौँसम्म लगेर परीक्षण गर्दा ‘सिट्रस ग्रिनिङ’ रोगको जोखिम थाहा भएपछि उहाँले सुन्तलाखेती नै छाड्नुभएको हो ।

सात रोपनी क्षेत्रफलमा सुन्तलाखेती गर्दै आएकी सोही ठाउँकी डिलकुमारी तिमिल्सिनाले पनि अहिले सुन्तलाका बोट मासेर केरा, कोदो र अदुवाखेती लगाएको बताउनुभयो । घरअगाडिको बगैँचाका सुन्तलाका सबै बोट मरेपछि अहिले सुन्तलाका दाउरा बनाइएको छ । लामो समयदेखि सुन्तलाको व्यावसायिक खेती गर्दै आएका किसान विस्थापित बन्दै गइरहेको स्थानीय दाताराम चापागाईँले जानकारी दिनुभयो ।

विगत केही वर्षअघिसम्म वार्षिक रु पाँच करोडभन्दा बढीको सुन्तला बिक्री हुने यो गाउँमा अहिले मुस्किलले रु दुई करोडसम्म भित्रिने चापागाईँको अनुमान छ । लाखौँ लगानी गरेर सुन्तलाखेती गरिरहेका किसान चिन्तित बनेका उहाँले बताउनुभयो । मोदी गाउँपालिकाको कृषि शाखा प्रमुख स्मृति तिमिल्सिनाले देउपुरको सुन्तला बगैँचामा अब अम्लीय जातका फलफूलको उत्पादन हुन नसक्ने बताउनुभयो । ‘क्यान्डीडट्स लिबेरीब्याक्टर एसिअटिकस’ नामक ‘ब्याक्टेरिया’ले त्यहाँका बगैँचा सखाप पारिदिएको भन्दै उहाँले उक्त बगैँचामा वैकल्पिक खेती गर्नुको विकल्प नरहेको बताउनुभयो ।



पातहरूमा पहेँलो र हरियो भाग मिसिएको रङ देखिँदै फल सानो, बाङ्गो, स्वादमा गुणस्तर घट्दै जाने र बीउ असमान बन्दै जान थालेको भन्दै तिमिल्सिनाले क्रमशः कमजोर हुँदै गएर रुख मर्ने नै यसको समस्या रहेको बताउनुभयो । सङ्क्रमित रुख तुरुन्त उखेल्ने र नष्ट गरेर त्यहाँको हावापानीअनुसारको खेती गर्नु नै उत्तम विकल्प हुने उहाँको सुझाव छ । कृषि शाखा प्रमुख तिमिल्सिनाले त्यो ठाउँमा अम्लीय जातका फलफूलको विकल्पका रूपमा केरा, कफी, कोदो, अदुवा, अम्बा, बेसारलगायतका खेती गर्न सकिने सुझाव दिनुभएको छ । यहाँका झण्डै एक सय ५० परिवार व्यावसायिक सुन्तलाखेती गर्दै आएका थिए । सुन्तलाखेतीमा समस्या आएपछि किसानको आकर्षण घट्दै गएको स्थानीय भूमिराज शर्माले बताउनुभयो ।रासस


# कुखुरापालनबाट मासिक एक लाख आम्दानी

तनहुँ । व्यास नगरपालिका-१ रतौलीका अर्जुनबहादुर बस्नेतले कुखुरापालन गरेर मासिक रु एक लाख आम्दानी गर्दै आउनुभएको छ । सत्र वर्षसम्म दुबईमा रोजगारी गर्नुभएका बस्नेत स्वदेश फर्किएर व्यावसायिक रूपमा कुखुरापालनमा लाग्नुभएको हो ।

विदेशमा रहँदा कोरोनाको समयमा बुबाको निधन भएको नौ महिनापछि घर फर्किनुभएका बस्नेत त्यसपछि विदेश नगई स्वदेशमै केही गरौँ भन्दै पाँच वर्षदेखि कुखुरापालन गर्दै आउनुभएको हो ।

विदेशमा गरेको आम्दानीभन्दा स्वदेशमा बसेर दोब्बर कमाई गर्न सकिन्छ भन्ने उदाहरण प्रस्तुत गर्न बस्नेत सफल हुनुभएको छ ।

उहाँले सञ्चालन गर्दै आएको ‘बस्नेत ब्रोइलर पोल्ट्री एण्ड एग फार्म’मा हाल दुई हजार कुखुरा छन् ।



सुरुआतमा रु ३० लाख लगानीमा छ रोपनी क्षेत्रफलमा दुई आधुनिक ट्रष्ट निर्माण गरी व्यावसायिक रूपमा कुखुरापालन व्यवसाय सुरु गर्नुभएका बस्नेतले मनग्य आम्दानी गर्दै आउनुभएको छ । दैनिक एक हजार आठ सय अण्डा उत्पादन हुने यो फार्मबाट महिनामा रु पाँच लाख बढीको कारोबार हुने गरेको छ । रासस

# बिष्कुटको माग उच्च, पाउरोटी बनाउने तयारी

म्याग्दी । यहाँ उत्पादन हुने कोदोको परिकारको विविधिकरण र बजारीकरण हुन थालेको छ । कोदो पछिल्लो समय सहरबजार र विदेशमा बस्नेहरूका रोजाइमा परेको छ । कोदोको परिकार ढिडो, रोटी र खोलेमा मात्र सीमित नभएर अब बिस्कुट पनि बन्न थालेको छ । माग, उपभोग र खपत बढ्न थालेपछि कोदोखेती गर्ने किसान उत्साहित भएका छन् ।

अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरको अन्नपूर्ण बेकरी हाउसका सञ्चालक कृष्ण खड्काले उपभोक्ताबाट माग आउन थालेपछि कोदोको बिस्कुट उत्पादन गर्न थाल्नुभएको छ । “पहिलेपहिले कोदोखेती गर्ने र यसका परिकार उपभोग गर्नेलाई गरिब भनेर हेप्ने चलन थियो”, उहाँले भन्नुभयो, “स्वस्थकर र पोषिलो कोदोको महत्व बुझेपछि माग आउन थालेपछि मैले पनि बिस्कुट बनाएर बेच्न थालेको छु ।”

यसअघि धवलागिरि गाउँपालिका-७ ताकममा धवलागिरि बेकरी, क्याफे एण्ड एग्रो मार्टका सञ्चालक अनिल भण्डारीले कोदाको पीठो प्रशोधन गरी बिस्कुट उत्पादन गरेर बिक्री गर्दै आउनुभएको छ । रघुगङ्गा र मङ्गला गाउँपालिकाको सिमानामा रहेको टोड्के हिल रिसोर्टले पनि पाहुनालाई चखाउन र बजारमा बिक्री गर्न कोदोको बिस्कुट उत्पादन गर्ने उद्योग स्थापना गरेको छ । उद्यमी खड्काले गाउँबाट काम विशेषले बजारमा बसाइँसराइ गरेका, विदेशमा रहेका र भ्रमणमा आउने पाहुनाले कोदोको पीठो र बिस्कुट किनेर लैजाने गरेको बताउनुभयो ।

कोदोको बिस्कुटको माग ग्रामीण क्षेत्रको तुलनामा बजारबाट बढी आउने गरेको व्यवसायी खड्काले बताउनुभयो । भुटेको कोदोको पीठोमा चिनी, मह, उखुको खुदो मिसाएर बिस्कुट बनाउने गरिएको छ । प्रतिदर्जन (१२ वटा) कोदोको बिस्कुट रु ६० का दरले बिक्री हुने गरेको छ । पर्यटकीय जिल्ला मुस्ताङ र अन्नपूर्ण गाउँपालिकाका पर्यटकीयस्थलको भ्रमणमा आउने पर्यटकलाई लक्षित गरेर गाउँपालिकाको केन्द्र पोखरबेगरमा स्थानीय उत्पादनको कोसेलीघर सञ्चालन र कोदोको बिस्कुटका साथै पाउरोटी बनाउने तयारी गरेको उद्यमी खड्काले बताउनुभयो ।



कोसेलीघर स्थापना र कोदोको बिस्कुट बनाउन आवश्यक पर्ने ‘ओभन’ गर्न कृषि ज्ञान केन्द्रले गत आर्थिक वर्षमा रु दुई लाख अनुदान सहयोग गरेको थियो । केन्द्रका प्रमुख सञ्जीव बाँस्तोलाले परम्परागत बाली संरक्षण र प्रवर्द्धन कार्यक्रममार्फत कोदोलगायत खाद्य, दलहन बालीको खेती विस्तार, प्रशोधन, प्याकेजिङ र बजारीकरणमा सहयोग गर्ने कार्यक्रमलाई यस वर्ष पनि निरन्तरता दिएको बताउनुभयो ।

चालु आर्थिक वर्षमा उक्त कार्यक्रमका लागि म्याग्दीमा प्रदेश सरकारबाट रु १५ लाख बजेट विनियोजन भएको छ । कार्यक्रममार्फत उद्यमी तथा किसानले परियोजनाको कुल लागतको ५० प्रतिशत अनुदान पाउनेछन् । केन्द्रका अनुसार म्याग्दीको दुई हजार ७५० हेक्टर क्षेत्रमा वार्षिक तीन हजार ३०० मेट्रिक टन कोदो उत्पादन हुन्छ । समुद्री सतहदेखि तीन हजार १०० मिटर उचाइको भूगोलसम्म कोदोखेती गर्न सकिन्छ ।

क्याल्सियम, फस्फोरस र आइरन प्रशस्त मात्रामा पाइने कोदोलाई बालबालिकादेखि ज्येष्ठ नागरिकका लागि उत्तम खानाका रूपमा लिइन्छ । गर्भवतीहरूका लागि पनि कोदो पोषिलो खाना हो । मधुमेह, उच्च रक्तचाप, युरिक एसिड, दम, रुघाखोकी, शरीर दुख्ने र झाडापखलाका रोगीका लागि कोदो अति राम्रो मानिने केन्द्रका प्रमुख बाँस्तोलाले बताउनुभयो ।

कोदोको उपभोगले रगतमा बोसो र कोलस्टेरोलको मात्रा घटाउँछ । नेपालमा नसर्ने रोगबाट ग्रसित हुनेको सङ्ख्या दिनानुदिन बढ्दै गइरहेको अवस्थामा कोदोको परिकार उपभोगका लागि माग बढेको ताकमका उद्यमी अनिल भण्डारीले बताउनुभयो । रासस


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय बर्दिवास, महोत्तरीका तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८२/०८/०१ गते सोमबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा)**

यस बैंक (साबिकको सेञ्चुरी कमर्सियल बैंक लि.) बाट तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएको तथा पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुनाले बैंकले कर्जा असुलीका लागि मिति २०८२/०३/२४ गते मंगलबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ती गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम कर्जा चुक्ता तथा धितो लिलाम विक्री हुन नसकेकोले मिति २०८२/०६/२९ गते बुधबारको जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने तथा धितो लिलाम विक्री गर्ने बारेको १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशित गरिएकोमा सो सूचना बमोजिम समेत कर्जा चुक्ता तथा धितो लिलाम विक्री नभएकोले कर्जा असुलीका लागि कर्जा सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति दर भाउ र मुल्यमा खरिद गरी लिने हो, सो व्यहोरा खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात् मिति २०८२/०८/०८ गते सोमबार (सो दिन सार्वजनिक विदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) बैंकको शाखा कार्यालय, बर्दिवास, महोत्तरीमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । पुनश्चः यो सूचना प्रकाशित भएको मितिले ७ ( सात) दिन भित्र उक्त बांकी सम्पूर्ण कर्जाको साँवा ब्याज तथा हर्जाना लगायतका अन्य दै दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता फछ्र्यौट गर्न गराउनको लागि सम्वन्धित ऋणी, धितो सुरक्षण धनी तथा जमानतकर्ता समेतलाई यसै सूचनाद्धारा जानकारी गराईन्छ । उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गराउन सकिने व्यहोरा जानकारी गराउँदै कर्जाको सूरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लिखित अचल जायजेथा जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने र कुनै कारणवश तपसिलमा उल्लेखित जायजेथा लिलाम बिक्री नभएमा सो जायजेथा अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा नियमानुसार बैंकले आफ्नो नाममा सकार गरी लिन सक्ने तथा उक्त जायजेथाबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताहरुको विवरण :**

**ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय जलेश्वर, महोत्तरीमा प्राईभेट रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७४/१०/०९ मा दर्ता भई प्रा.फ.र.नं. ४२७२/७७/०७४/०७५ दर्ता कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुर, धनुषाबाट मिति २०७३/११/०४ गते स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०५७४६५१२ को प्रमाणपत्र प्राप्त **आर. एन. इन्टरप्राइजेज । फर्मको ठेगाना :** महोत्तरी जिल्ला औरही न.पा. वडा नं. १ ।

| **प्रोप्राईटर तथा जमानतकर्ता : विजय कुमार साह सुडि** | **जमानतकर्ता : प्रेम शिला कुमारी देवी** |
|---|---|
| (ना.प्र.न. ८९९८४३५५, जारी मिति २०६१/०६/१८, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी ).<br>ठेगाना : महोत्तरी जिल्ला औरही न.पा. वडा नं. १ (साविक सोनमा गा. वि.स. वडा नं. ४) ।<br>बाबु : देबलाल साह सुडि ।<br>बाजे : हेमन साह सुडि । | (ना.प्र.नः १८३०५०/६५६, जारी मिति २०६३/१०/२५, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) ।<br>ठेगाना : महोत्तरी जिल्ला औरही न.पा. वडा नं. १ (साविक सोनमा गा. वि.स. वडा नं. ४) ।<br>बाबु : उपेन्द्र साह सुडी ।<br>पति : विजय कुमार साह सुडि । ससुरा : देबलाल साह सुडि । |

**ख. लिलाम बिक्री हुने सम्पत्तिको विवरण :**

१. प्रेम शिला कुमारी देवीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला औरही गा.वि.स. वडा नं. ३ नक्सा सिट नं ३क स्थित कित्ता नं. ९७८ र ९७७ को क्षेत्रफल ०-०-११-० र ०-०-६-० (बिघा)को घर/जग्गा र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..............१

२. ऋणी आर. एन. इन्टरप्राइजेजको स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ..........................१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम **शाखा कार्यालय, बर्दिवास, महोत्तरी, बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र अन्य शाखा कार्यालयहरु** बाट समेत प्राप्त गर्न सकिनेछ ।

२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।

३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा **बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय बर्दिवासमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK
प्रभु बैंक लिमिटेड
प्रधान कार्यालयः बबरमहल, काठमाडौं, नेपाल
फोन नं. ०१-५७१९०००

# बाराका निमित्त प्रमुखसहित चार जनाविरुद्ध भ्रष्टाचार मुद्दा



**टुडे समाचारदाता**

बारा। बाराको खानेपानी तथा सरसफाई डिभिजन कार्यालयको ठेक्का प्रक्रिया सम्बन्धी ठुलो भ्रष्टाचार प्रकरणमा विशेष अदालत काठमाण्डुमा मुद्दा दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ।

> आयोगले जनाए अनुसार आर्थिक वर्ष २०७९/८० का २३ वटा निर्माणसम्बन्धी बोलपत्र सूचना सार्वजनिक खरिद ऐनअनुसार राष्ट्रिय दैनिकमा प्रकाशन गर्नुपर्नेमा डिभिजन कार्यालयले सूचना लुकाएको पाइएको छ।

आयोगले तत्कालीन निमित्त डिभिजन प्रमुख, लेखापाल र दुई सञ्चारमाध्यमका प्रतिनिधिविरुद्ध आरोपपत्र पेश गरेको छ।

आयोगले जनाए अनुसार आर्थिक वर्ष २०७९/८० का २३ वटा निर्माणसम्बन्धी बोलपत्र सूचना सार्वजनिक खरिद ऐनअनुसार राष्ट्रिय दैनिकमा प्रकाशन गर्नुपर्नेमा डिभिजन कार्यालयले सूचना लुकाएको पाइएको छ।

डिभिजन कार्यालयले सूचना छापिएको भान गराउन भौतिक अभिलेखमा प्रतिमात्र एक प्रभाव दैनिक राखेको देखिएको छ। तर, प्रेस काउन्सिल र प्रकाशकको पुष्टि अनुसार सो सूचना पत्रिकामा प्रकाशित नै भएको थिएन।

अख्तियारले भेटाएको तथ्य अनुसार सूचना नछापिएको अवस्थामा पनि किर्ते बिल बनाएर सान्दर्भिक मिडिया नेटवर्क प्रालिलाई ३ लाख १६ हजार ५७० रुपैयाँ भुक्तानी गरिएको थियो। सो कम्पनीको खाताबाट ५० हजार रुपैयाँ प्रभाव दैनिकका बजार प्रबन्धक सन्तोषराज खरेलले लिएको पनि आयोगले जनाएको छ।

उक्त कार्यलाई सार्वजनिक सम्पत्तिमा हानि पुऱ्याउने बदनियतपूर्ण भ्रष्टाचारको रुपमा ठहर गर्दै तत्कालीन निमित्त डिभिजन प्रमुख किशोरी प्रसाद यादव र लेखापाल प्रदीप दासलाई मुख्य कसुदारका रूपमा ३ लाख १६ हजार ५७० रुपैयाँ बिगो र कैद सजायको आयोगले माग गरेको छ।

त्यस्तै सान्दर्भिक मिडिया नेटवर्क प्रालिका प्रबन्धक निसान्त सिग्देल र प्रभाव पब्लिकेशन प्रालिका बजार प्रबन्धक सन्तोषराज खरेललाई पनि सोही बराबरको बिगो र कानुनी कारबाही माग गरिएको छ।

अख्तियारका प्रवक्ता राजेन्द्र कुमार पौडेलका अनुसार सार्वजनिक विज्ञापन लुकाएर ठेक्का प्रक्रियामा हस्तक्षेप गर्नु 'भ्रष्टाचार निवारण ऐन, २०५९' को दफा ८९ (१)(९) अन्तर्गतको कसूर छ। आयोगले यो कार्यलाई बदनियतपूर्ण र सार्वजनिक हितविपरीतको अपराधको रुपमा लिएको बताएको छ।

# प्रदेशसभा विघटनको माग गर्दै ज्ञापन पत्र बुझाइयो

"सरकार बनाउने-ढाल्ने खेलले मधेशको राजनीतिक छवि मात्रै नभई मधेसी जनताको पहिचानसम्म बदनाम भएको छ।"

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशको मुख्यमन्त्री र सभामुख विवादमा परेपछि उनीहरुको राजीनामा माग्दै आन्दोलनमा सात दलीय गठबन्धन रहेका बेला नेकपा एमालेका युवाहरुको एक समूहले मधेश प्रदेशसभा विघटन गर्न माग गरेका छन्।

मधेश प्रदेशको राजनीतिक र प्रशासनिक कामकाज विवादका कारण ठप्प रहेको दाबी गर्दै स्थानीय एमालेका समर्थकहरुको एक समूहले प्रदेश प्रमुख डा. सुरेन्द्र लाभलाई ज्ञापन पत्र बुझाउँदै प्रदेशसभा विघटन गरी प्रदेश प्रमुख शासन लागु गर्न माग गरेका छन्।

आइतबार उनीहरूले एक समूह बनाएर प्रदेश प्रमुख डा. लाभ कर्णलाई ज्ञापनपत्र बुझाउँदै मधेशलाई राजनीतिक संकटबाट निकाल्न 'प्रदेश प्रमुख शासन नै उपयुक्त विकल्प' भएको दाबी गरेका छन्।




सो ज्ञापनपत्र बुझाउन आएका युवाहरूले मधेशमा पछिल्लो समय देखिएको राजनीतिक अराजकता, सत्ताको निरन्तर छिनाझपटी, भ्रष्टाचार र प्रशासनिक कमजोरीका कारण सर्वसाधारण निराश भएको बताएका छन्।

उनीहरूले जिकिर गर्दै भनेका छन्, 'सरकार बनाउने-ढाल्ने खेलले मधेशको राजनीतिक छवि मात्रै नभई मधेसी जनताको पहिचानसम्म बदनाम भएको छ।' युवा समूहका अगुवा सरोज मिश्रले संघीयतालाई सुदृढ गर्ने उद्देश्यले बनेको प्रदेश सभा अहिले दलगत स्वार्थको थलो मात्र बनेको बताए।

सो ज्ञापनपत्रमा प्रदेशसभालाई तत्काल विघटन गरी प्रदेश प्रमुखको नेतृत्वमा नागरिक सरकार घोषणासहित नयाँ निर्वाचनमा जानुपर्ने माग राखेका छन्।

# मासमदिरा बिक्री वितरणमा रोक



**टुडे समाचारदाता**

जनकपुरधाम।सीतारामविवाह पञ्चमी महोत्सवको अवसरमा मासमदिरा बिक्री वितरण रोक लगाइएको छ।

सीताराम विवाहपञ्चमी महोत्सवलाई सुरक्षित र भव्य तथा मर्यादित रूपमा मनाउन जिल्ला प्रशासन कार्यालय धनुषाले सूचना जारी गरेको छ।

मंसिर ७ गते राति १२ बजेदेखि मंसिर १० गते राति १२ बजेसम्म जनकपुरधाम उपमहानगरपालिका क्षेत्रभित्र र परिक्रमा सडकको दायाँ-बायाँ क्षेत्रमा मदिरा बिक्री-वितरण, पशुपंक्षी मारकाट, माछा र मासु बिक्री-वितरण, उत्पादन तथा अन्य नसालु पदार्थको सेवन पूर्णरूपमा निषेध गरिएको जनाइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी उमेश कुमार दाहालका अनुसार यस सूचना विपरित उल्लंघन भएमा प्रचलित कानुनअनुसार कारबाही गरिने जनाइएको छ।

# सुरुङ खनेर चोरी

**टुडे समाचारदाता**

रौतहट। रौतहटको वृन्दावन नगरपालिका-१ स्थित बलेरीमा शनिबार मध्यराति चोरहरुको एक समूहले एकै रातमा दुई घरमा सुरुङ खनेर करिब १२ लाख रुपैयाँ बराबरको धनमाल लुटेका छन्।



वडाध्यक्ष रामनाथ सहनीका अनुसार चोरहरूले ब्रह्मदेव चौधरीको घरको भित्तामा सुरुङ खनेर भित्र पसेका थिए। उनीहरूले सात लाख मूल्यका सुनचाँदीका गरगहना, ८० हजार रुपैयाँ नगद, र विभिन्न महत्वपूर्ण कागजात चोरी गरेका छन्।

सोही क्रममा चोर समूहले छिमेकी दुखा राउत कुर्मीको घर पनि लक्षित गर्दै सुरुङ बाटै प्रवेश गरेको थियो। त्यहाँबाट ४ लाख बराबरका गरगहना, ६ हजार रुपैयाँ नगद, मोबाइल फोन र कागजातसमेत लिएर फरार भएको सहनीले बताए।

पीडित चौधरीका अनुसार घटना घट्दा दुवै घरका सदस्यहरू गहिरो निद्रामा थिए। चोरहरूले घरमा रहेको लत्ता-कपडा समेत खेततर्फ लिएर फालेको उनले जानकारी दिए। घटनाले स्थानीय बलेरीवासी निकै असुरक्षित महसुस गरिरहेको बताउँदै तत्काल सुरक्षा व्यवस्था कडाइ गर्न सम्बन्धित निकायसँग माग गरेका छन्।

इलाका प्रहरी कार्यालय गरुडामा घटना बारे सूचना पुगेको र प्रहरीले अनुसन्धान अघि बढाएको जनाएको छ।

# जर्जर अवस्थामा स्वास्थ्य चौकी




**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको रामनगर गाउँपालिकाको स्वास्थ्य सेवा चौकी जर्जर अवस्थामा रहेको छ। गाउँपालिकाको वडा-६ स्थित सिसौटको स्वास्थ्य चौकीको अवस्था दयनीय रहेको पाइएको छ। स्वास्थ्य चौकीको जीर्ण भवनको कारण स्वास्थ्य सेवा सञ्चालनमा समस्या उत्पन्न भएको छ।

त्यस्तै गाउँपालिकाको वडा नं ४ स्थित बहुअर्वा स्वास्थ्य चौकी समेत जीर्ण भवनमा संचालन रहेको कारण स्वास्थ्य सेवा प्रभावित बनेको छ। स्वास्थ्य चौकीमा आवश्यक पर्ने ९८ प्रकारको औषधि मध्ये २१ प्रकारको औषधि मात्र उपलब्ध रहेकाले बिरामीले पाउने पर्ने औषधिबाट समेत वञ्चित गरिएको छ।

चौकीमा औषधि नभएको कारण आफूहरुलाई अन्यत्र पैसा तिरेर औषधि खरिद गर्नुपर्ने बाध्यता रहेको स्थानीय सेवाग्राही चन्द्रकला देवीले जानकारी दिइन्। गाउँपालिकाले नै औषधि नपठाएपछि हामी कहाबाट औषधि दिने भन्दै स्वास्थ्यकर्मीहरुले आफूहरुलाई झपारेर पठाउने गरेको सेवाग्राही चन्द्रकला देवीले दुखेसो पोखिन्।

भवन जीर्ण हुँदा छतबाट बालुवा तथा ढुगां तल खस्ने गरेकोले जोखिमपूर्ण अवस्थामा बिरामी जाँच गर्नुपरेको बहुअर्वा स्वास्थ्य चौकीका जनस्वास्थ्य निरीक्षक सतेन्द्र कुमार जैसवालले बताए। स्वास्थ्य चौकी जर्जर अवस्थाबारे पटकपटक गाउँपालिकालाई जानकारी गराए पनि कुनै वास्ता नभएपछि जसोतसो चौकीमा आउने बिरामीलाई सेवा दिँदै आएको जैसवालले बताए।

त्यस्तै स्थानीय सरकारको लापरबाहीको कारण चौकीमा औषधिसमेत अपुग रहेको सिसौट स्वास्थ्य चौकी प्रमुख सिअहेव जगेशवर महतोले बताए। स्वास्थ्य चौकीको आफ्नो भवन नभएको कारण प्रहरी चौकीको लागि बनाएको जीर्ण भवनमा स्वास्थ्य सेवा दिनुपरेको महतोको भनाइ थियो। बिरामी जाँचको लागि समेत आवश्यक पूर्वाधार नभएको कारण बिरामीलाई औषधि मात्र दिएर पठाउनु परेको उनले बताए।

सर्लाही जिल्लामा रहेको अधिकांश स्वास्थ्य चौकीको अवस्था खराब छ। राम नगर गाउँपालिकाका यी दुई वटा स्वास्थ्य चौकी नजिर मात्र हो। २० वटा पालिकामाा रहेका स्वास्थ्य चौकीहरुको भवन जीर्ण रहेको छ। फाटेको भितो,भत्केको ढोका,चुहिने छाना,भित्र बसेर स्वास्थ्य सेवा दिनु परेको स्वास्थ्यकर्मीहरुको भनाइ छ।

साँघुरो कोठामा बसेर स्वास्थ्यकर्मी र बिरामी त्यही कोठामा बसेर औषधि उपचार गर्नुपरेको अधिकांश स्वास्थ्यकर्मीहरुको भनाइ छ। प्रसुती सेवा, महिलाहरुको चेकजाँच खुला कोठा भित्र गर्नु पर्दा महिलाको गोपनीयता भंग हुने अवस्था रहे पनि यसप्रति सम्बन्धित पालिकाको ध्यान गएको देखिदैन।

# सर्प महोत्सव शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको मिथिला बिहारी नगरपालिकामा आइतबारदेखि सर्प महोत्सव शुरु भएको छ।




मिथिला बिहारी नगरपालिका-२ स्थित कल्चर भिलेजमा तेस्रो संस्करणको सर्प महोत्सवको उद्घाटन सर्पदंश उपचारविद् डा. छविलाल थापाले गरेका थिए।

मिथिला वाइल्ड लाइफ ट्रष्ट र सेभ द लाइफको संयुक्त आयोजनामा भएको महोत्सवको मिथिला बिहारी नगरपालिका वडा नम्बर २ का सुरेश मण्डल र ३ नम्बरका कृष्णकुमार बसन्तको संयुक्त अध्यक्षता गरेका थिए।

सर्पको महत्व बुझौं, सहअस्तित्वलाई सम्मान गरौं, संरक्षणमार्फत भविष्य सुरक्षित गरौं' भन्ने मूल नारा दिएर शुरु भएको महोत्सव कार्तिक ३० र मंसिर १ गतेसम्म चल्ने आयोजना संस्थाले जानकारी दिएको छ।

आयोजक संस्थाका अध्यक्ष देवनारायण मण्डलले सर्पको महत्वबारे नागरिकमा चेतना फैलाउन महोत्सवको आयोजना गरिएको बताए। महोत्सवले सर्प र पर्यावरण तथा वातावरणबीचको सम्बन्ध, जैविक विविधता संरक्षणमा सर्पको भूमिका, सर्प र मानवबीच द्वन्द्व न्यनीकरण, सर्पको पर्यावरणीय, चिकित्सकीय, धार्मिक तथा सांस्कृतिक महत्व उजागर गर्ने उहाँले जानकारी दिए।

उनले भने, 'सर्पलाई अझै पनि अन्धविश्वास र डरको प्रतीकका रूपमा हेरिने हुँदा सर्प संरक्षण चुनौती बनेको छ। सर्प केवल डस्ने जीव होइन, यो वातावरण सन्तुलन राख्ने अभिन्न अंग हो।'

अध्यक्ष मण्डलका अनुसार महोत्सवमा सर्पको जीवनचक्र, विषका प्रकार, सर्पदंशपछिको उपचार प्रक्रिया, तथा उद्धारसम्बन्धी व्यावहारिक जानकारी दिने व्यवस्था मिलाइएको छ। त्यस्तै, सर्प संरक्षणसम्बन्धी चित्र प्रदर्शनी, जीवित सर्प प्रदर्शनीमा राखिएको अध्यक्ष मण्डलले बताए।

यस सर्प महोत्सवको उद्घाटनसत्रमा विभिन्न विद्यालयका विद्यार्थीहरुले सामूहिक रुपमा अवलोकन तथा सर्पबारे विभिन्न खाले क्रियाकलापसमेत गरेका थिए।

सो अवसरमा बालविद्यार्थीहरुले विभिन्न किसिमका रचनात्मक सर्पअंकित तस्वीरहरु आ-आफ्ना गाला तथा हातहरुमा बनाएका थिए।

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा
सूचना ! सूचना !! सूचना !!!
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको १८ औं वार्षिक साधारण सभा यही मिति २०८२/०८/०६ गते शनिबारका दिन दिउँसो १:०० बजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्थाको प्राङ्गनमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, ऋणीज्यूहरुलाई उपस्थित भई दिनु हुन अनुरोध गर्दछु।
अध्यक्ष
राजलाल महतो
मो.नं. ९८५४०२६७२९
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

चिसो मौसममा सुरक्षित रहौं।
चिसो मौसममा:
- तातो तथा न्यानो कपडा लगाऔं,
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- बालबालिका र वृद्धहरुलाई चिसोबाट जोगाऔं,
- न्यानो सिरक ओढेर सुत्ने गरौं,
- जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौं,
- कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
सावधानी अपनाऔं, स्वास्थ रहौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी
कृषि स्नातक (B.Sc. Ag. Hons) तहमा विद्यार्थी भर्ना म्याद थप सम्बन्धी सूचना
शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट Online आवेदन फाराम भर्न मिति २०८२/०७/२१ गतेसम्म रहेकोमा मिति २०८२/०८/०६ गतेसम्म http://entrance.mau.edu.np मा गई आवेदन फारम भर्न म्याद थपको सूचना प्रकाशन गरिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८